कानूनी साक्षरता-नेपाल
Legal Literacy – Nepal
Estd. 2080

# बालबालिकामाथि हुने यौन दूर्व्यवहार

## टोखा नगरपालिकामा गरिएको एक सर्वेक्षण प्रतिवेदन



# बालबालिकामाथि हुने यौन दूर्व्यवहार

*टोखा नगरपालिकामा गरिएको एक सर्वेक्षण प्रतिवेदन*

# बालबालिकामाथि हुने यौन दुर्व्यवहार

## *टोखा नगरपालिकामा गरिएको एक सर्वेक्षण प्रतिवेदन*

कानुनी साक्षरता - नेपाल

# बालबालिकामाथि हुने यौन दुर्व्यवहार

*टोखा नगरपालिकामा गरिएको एक सर्वेक्षण प्रतिवेदन*

पहिलो संस्करण २०८२ (सन् २०२५)
सर्वाधिकार © कानुनी साक्षरता - नेपाल

*प्रकाशक*
कानुनी साक्षरता - नेपाल
टोखा-३, काठमाडौँ, नेपाल
फोन नं. ९८४१२७५७३२
https://lln.org.np

आवरण चित्र : शुशील थापा
ले-आवट/आवरण साजसज्जा : किशोर प्रधान
अनुवाद : ????

काठमाडौँ, नेपालमा मुद्रित

*प्रकाशन सहयोग :*
DKA Austria
Hilfswerk der Katholischen Jungschar

# विषयसूची


| | |
|---|---|
| प्राक्कथन | छ |
| कार्यकारी सारांश | १ |
| अध्याय १ : नेपालमा बालबालिकामाथि यौन हिंसाको इतिहास | ७ |
| १.१. पृष्ठभूमि | ७ |
| १.२. व्यापकता र सन्दर्भ | ८ |
| १.३. कानूनी व्यवस्था र चुनौतीहरू | ९ |
| १.४. कार्यविधि | ११ |
| अध्याय २ : यौन हिंसा विरुद्ध बालबालिकाको कानूनी संरक्षण | १५ |
| २.१. अन्तर्राष्ट्रिय कानूनी व्यवस्था | १५ |
| २.२. राष्ट्रिय कानूनी व्यवस्था | १६ |
| अध्याय ३ : टोखा नगरपालिकामा बालबालिकाविरुद्ध हुने यौन हिंसाको अवस्था | २१ |
| ३.१ तथ्यांक विश्लेषण | २१ |
| अध्याय ४ : शक्ति र नियन्त्रणको सामञ्जस्यता : दण्डसजायदेखि यौन उत्पीडनसम्म | ४१ |
| ४.१ शारीरिक दण्डसजाय र यौन उत्पीडन | ४१ |
| ४.२. बालबालिकामाथि हुने हिंसाको अन्तरसम्बन्धी प्रवृति | ४२ |
| ४.३ प्रभावकारी हस्तक्षेपका उपायहरू | ४४ |

अध्याय ५ : अनुसन्धानका निष्कर्षहरू ४९
५.१. अनौपचारिक सहायता प्रणालीको महत्त्व ४९
५.२. औपचारिक प्रणालीमा लैङ्गिक आयाम ५०
५.३ शैक्षिक कार्यक्रमहरू बढाउने ५१
५.४ सुरक्षा अभ्यासहरूको स्थानीयकरण ५२
५.५ रिपोर्टिङका बाधा व्यवधानहरू हटाउने ५३
५.६ प्रतिरोध र सशक्तीकरण ५३

अध्याय ६ : निष्कर्ष र सिफारिसहरू ५५
सरोकारवालाहरूको लागि सिफारिसहरू ५६
क. सरकारी प्राधिकरण ५६
ख. शैक्षिक संस्थाहरू, आमाबाबु र अभिभावकहरू ५७
ग. स्थानीय सरकार र समुदायका अगुवाहरु ५७
घ. नागरिक समाज र गैरसरकारी संस्थाहरू ५८
ङ. सञ्चार गृह, निजी क्षेत्र र सर्वसाधारण जनता ५८
च. अन्तर्राष्ट्रिय निकाय र दाताहरू ५९

उद्धृत कार्यहरू ६१
अनुसूची १ ६९

# प्राक्कथन

बाल यौन दूर्व्यवहार संसारभरका बालबालिकामाथि नकारात्मक असर पारीरहेको एक व्यापक र गहिरो गरी जरा गाडेर बसेको जटिल समस्या हो । नेपालमा पनि विशेष गरी विद्यालय र सार्वजनिक स्थानहरू लगायतमा हुने बाल यौन दूर्व्यवहार एक महत्त्वपूर्ण चिन्ताको विषय बनेको छ। बालसंरक्षण सम्बन्धी कानूनी व्यवस्थाहरू भए पनि बाल यौन दूर्व्यवहारका मूल कारणहरूलाई सम्बोधन गर्न, पीडितहरूलाई उचित सहयोग उपलब्ध गराउन र बालसंरक्षण सम्बन्धी कानूनी व्यवस्थाहरू लागू गर्न विभिन्न चुनौतीहरू रहेका छन्।

यस प्रतिवेदनले काठमाडौंको टोखा नगरपालिकामा बालबालिकामाथि हुने यौनजन्य हिंसाको अवस्था, कारणहरू र परिणामहरूको गहन अध्ययन गर्नुका साथै उपलब्ध सुरक्षा प्रणालीहरूको विश्लेषण गरेको छ । यस प्रतिवेदनले १० वटा विद्यालयहरूमा गरिएको सर्वेक्षणको माध्यमबाट विद्यार्थीहरू, शिक्षकहरू, विद्यालय नर्सहरू, र नगरपालिकाका अधिकारीहरूको अनुभवलाई समेटेर बालबालिकाहरूले सामना गर्न परिरहेको चुनौतीहरूलाई उजागर गरेको छ।

नेपालले बालसंरक्षण सम्बन्धी कानूनहरू निर्माण गरे पनि यस प्रतिवेदनले ती कानून कार्यान्वयनमा रहेका कमजोरीहरू औल्याएको छ। सांस्कृतिक निषेध, सामाजिक कलंक, चेतनाको अभाव, र प्रक्रियागत अवरोधहरूका साथै पीडकबाट हुन सक्ने प्रतिशोधको डर र औपचारिक संयन्त्रप्रतिको अविश्वासले गर्दा बालबालिकाहरू विशेषगरी बालिकाहरू उजुरी गर्न हिचकिचाउँछन्।

यस प्रतिवेदनले बालबालिकामाथि हुने हिंसा रोकथामका लागि शिक्षा, सामाजिक सहयोग र प्रणालीगत सुधारहरू लगायत बहु-पक्षीय बाल अधिकारमा आधारित दृष्टिकोणको आवश्यकतालाई जोड दिएको छ । सामुहिक पहल भएमा मात्र प्रत्येक बालबालिका यौनजन्य हिंसा रहित वातावरणमा हुर्किन पाउने अवस्था सिर्जना गर्न सक्नेछौं।

यस प्रतिवेदनले बालबालिकाको अधिकारको रक्षाका लागि तत्काल कदम चाल्न आह्वान गरेको छ। यस प्रतिवेदनले नीति निर्माताहरू, शिक्षकहरू र अभिभावक लगायत

सबै सरोकारवालाहरूलाई बालबालिकाको आवाजलाई प्राथमिकता दिन र उनीहरूको सुरक्षा र मर्यादा कायम राख्ने समाज निर्माण गर्न उत्प्रेरित गर्नेछ भन्ने आशा लिएका छौं।

यस प्रतिवेदनलाई अनुसन्धान र लेखन गरी साकाररूप दिनु भएका यस कानूनी साक्षरता – नेपालका कार्यकारी निर्देशक ओमप्रकाश सेन ठकुरी र एडिनब्रा विश्वविद्यालयका जोई हाउसलाई धन्यवाद दिन चाहन्छौं। साथै आफ्नो अनुभवहरू हामीसँग बाँड्नु भएका विद्यार्थीहरूलाई विशेष धन्यवाद दिन चाहन्छौं। र अन्तमा, यस अध्ययनका लागि अनुमति तथा सहजीकरण गरिदिनु भएकोमा टोखा नगरपालिका र विद्यालयहरूलाई हार्दिक धन्यवाद दिन चाहन्छौं।

**हरि भट्ट**
अध्यक्ष

# कार्यकारी सारांश

यस प्रतिवेदनले टोखा नगरपालिकामा सञ्चालित १० वटा विद्यालयहरूमा सर्वेक्षण गरी बालबालिकाहरूमाथि हुने यौन हिंसाको अवस्था र त्यसको असर बारेमा अध्ययन गरेको छ। नेपालमा विशेष गरी विद्यालय र सार्वजनिक स्थानहरूमा यौन हिंसाका घटनाहरू खासगरी बालबालिकाहरूको सुरक्षा, शिक्षा र कल्याणमा नै असर पर्नेगरी, हुने गरेको पाइन्छ। बालबालिकाको सुरक्षाकालागि कार्यस्थलमा हुने यौनजन्य दूर्व्यवहार (निवारण) ऐन २०७१ र बालबालिका सम्बन्धी ऐन २०७५ जस्ता कानूनी व्यवस्थाहरू भए पनि प्रणालीगत, सांस्कृतिक र सामाजिक अड्चनहरूले तिनको प्रभावकारितालाई कमजोर बनाउँछ।

अध्ययनले प्रायः बालिकाहरूमाथि मौखिक दूर्व्यवहार, असहज रूपमा शारिरमा छुने र अनुपयुक्त टिप्पणीहरू गर्ने जस्ता यौनजन्य हिंसा विद्यालय र सार्वजनिक स्थलहरू दुवै स्थलमा हुने गरेको देखाएको छ। यस्ता घटनाका केही पीडितहरूले घटनाका बारेमा गुनासो गरेका भए पनि अधिकांश पीडितहरूले सामाजिक कलंक, प्रतिशोध, र गुनासो सुनुवाई संयन्त्र प्रतिको अविश्वासका कारणले रिपोर्ट गर्न डराउने गरेको पाइएको छ। यस अध्ययनले कानूनी सुरक्षाको व्यवस्था भए पनि औपचारिक गुनासो सुन्ने संयन्त्र प्रतिको अविश्वासले गर्दा अधिकांश पीडितहरूले अनौपचारिक सहयोग जस्तै परिवार, साथीहरू, विद्यालय नर्सहरूको सहायता लिनुले कानूनी व्यवस्था र व्यवहारिकताबीचको खाडल उजागर गरेको छ।

अध्ययनले नेपालमा बालसंरक्षण सम्बन्धी कानूनी व्यवस्था भए पनि कार्यान्वयन पक्ष अत्यन्त कमजोर रहेको देखाएको छ। चेतनाको कमी, कानून कार्यान्वयन गर्ने निकायका पदाधिकारीहरूका लागि अपर्याप्त प्रशिक्षण, र अपर्याप्त पीडित सहयोग कार्यक्रमहरूले जारी चुनौतीमा योगदान गरिहेको छ। यसबाहेक, बालबालिकाका लागि सुरक्षित स्थान बन्नु पर्ने विद्यालयहरूमा प्रायः लैङ्गिक पूर्वाग्रह र अपर्याप्त

सुरक्षा व्यवस्थाका कारण यौन हिंसा नियन्त्रणका लागि प्रभावकारी रूपमा काम हुन सकेको छैन ।

यस अध्ययनका लागि सर्वेक्षण र अन्तर्वार्ताहरू जस्ता मिश्रित विधिहरू अपनाएर सामुदायिक र निजी विद्यालयहरूका ४२१ जना विद्यार्थीहरू, ३२ जना शिक्षकहरू र केही विद्यालय नर्सहरूबाट तथ्यांक संकलन गरिएको थियो । अध्ययनको नतिजाले बालबालिकामाथि यौन हिंसाको अवस्था उच्च रहेको तर त्यसको गुनासो अत्यन्त कम मात्र हुने गरेको खुलासा गरेको छ । अधिकांश विद्यार्थीहरू, विशेष गरी बालिकाहरूले मनोसामाजिक परामर्शको आवश्यकता रहेको बताउनुले बालिकाहरूमा यौन हिंसाले पारेको मानसिक आघातको बारेमा उजागर गरेको छ । प्रतिवेदनले तत्काल कानून कार्यान्वयनको आवश्यकता, सहज र प्रभावकारी गुनासो सुनुवाई संयन्त्र र पीडितको लागि तत्काल सहायताको आवश्यकतालाई उजागर गरेको छ ।

## कानूनी व्यवस्था र कमजोरीहरू

यस प्रतिवेदनको अध्याय २ मा बालबालिकालाई यौन हिंसाबाट संरक्षणका लागि अन्तर्राष्ट्रिय तथा राष्ट्रिय दुवै स्तरमा भएका कानूनी व्यवस्थाहरूका बारेमा चर्चा गरिएको छ । नेपालले अनुमोदन गरेको संयुक्त राष्ट्र संघीय बालअधिकार सम्बन्धी महासन्धि (सिआरसी) ले बालबालिकामाथि हुने यौन हिंसा लगायतका हिंसाबाट बालबालिकाको संरक्षण र रोकथाम सहित सुरक्षा उपायहरू प्रदान गरेको छ । राष्ट्रिय स्तरमा नेपालको मुलुकी अपराध संहिता २०७४ र बालबालिका सम्बन्धी ऐन, २०७५ ले यौन हिंसा विरुद्ध बलियो कानूनी सुरक्षा प्रदान गरेको छ । तर बालबालिकामाथि हुने यौन हिंसा विरुद्ध कानूनी व्यवस्था सम्बन्धमा बालबालिका लगायतकामा सार्वजनिक चेतनाको कमीले कानून कार्यान्वयनमा कमीकमजोरीहरू देखिएका छन् ।

## यौन हिंसा र गुनासो

अध्याय ३ मा काठमाडौं उपत्यकाको टोखा नगरपालिकामा सञ्चालित १० वटा विद्यालयहरूमा गरिएको सर्वेक्षणबाट प्राप्त निष्कर्षहरू प्रस्तुत गरिएको छ । सर्वेक्षणमा

सहभागी ४२१ जना विद्यार्थीहरू मध्ये १६% ले यौन हिंसा भोगेको बताएका छन् भने बालिकाहरूको मात्र तथ्यांक विश्लेषण गर्दा २५% ले यौन हिंसा भोगेको बताएका छन् । शिक्षकहरूलाई गुनासो पेटिकाको बारेमा जानकारी भए पनि गुनासोको सुरक्षा र सीमित पहुँचका कारण यी संयन्त्रहरूको प्रभावकारिता प्रति प्रश्न चिह्न खडा भएको छ । यसका साथै, अधिकांश विद्यालयहरूमा गुनासो सुन्ने संयन्त्र र संरचित प्रक्रियाहरूको अभाव रहेको र यस्ता दूर्व्यवहारका गुनासाहरू सुन्न तालिम प्राप्त महिला कर्मचारीहरूको अभाव रहेको देखिन्छ ।

विद्यालय नर्सहरू हिंसाका शारीरिक लक्षणहरू हेरेर उपचार गर्ने पहिलो व्यक्ति हुन् तर उनीहरूलाई मेडिको लिगल अभिलेखीकरण र मनोसामाजिक परामर्श सेवा प्रदान गर्नको लागि पर्याप्त तालिम दिइएको पाइएन । यस अध्ययनले बालबालिकाको सुरक्षाका लागि बालसुरक्षा नीति, राम्रो तालिम प्राप्त कर्मचारीहरू, र बृहत् सहयोग प्रणालीको आवश्यकता रहेको देखाएको छ । गुनासो र सहयोग प्रणालीलाई सुदृढ बनाउन विद्यार्थी, शिक्षक र अभिभावकहरूका लागि तालिमका कार्यक्रममा लगानी बढाउन पर्ने देखिएको छ ।

## शारीरिक दण्डसजाय र यौन दूर्व्यवहार

अध्याय ४ ले विद्यालयहरूमा शारीरिक दण्डसजाय र यौन दूर्व्यवहार बीचको अन्तरसम्बन्धलाई केलाउने प्रयास गरेको छ । प्रमाणले देखाएको छ कि जहाँ शारीरिक दण्डसजाय लगायतका हिंसालाई सामान्य रूपमा लिइन्छ त्यहाँ यौन दूर्व्यवहार लगायत अन्य प्रकारका हिंसालाई प्रोत्साहित गर्ने वातावरण बन्ने गर्छ । यस प्रतिवेदनले नेपालका विद्यालयहरूमा ८८% बालबालिकाले शारीरिक दण्डसजाय पाउने गरेको तथ्यांकले गर्दा शारीरिक दण्डसजाय र यौन हिंसाका बीचमा अन्तरसम्बन्ध रहेको देखाएको छ ।

यस अध्ययनले विद्यालयहरूलाई शारीरिक दण्डसजाय र यौन हिंसा उन्मूलनका लागि स्पष्ट र शून्य सहनशीलता नीतिहरू लागू गर्न आह्वान गरेको छ । प्रतिवेदनले जनमानसमा व्यापक सचेतना कार्यक्रमहरू, हिंसारहित अनुशासन अभ्यासका बारेमा शिक्षक प्रशिक्षण, र बालसंरक्षण नीति कार्यान्वयनको अवस्था निरीक्षण गर्न स्वतन्त्र

निकायको स्थापनालाई जोड दिएको छ । विद्यालयमा सुरक्षित र सम्मानजनक वातावरण बनाउन बालबालिकामाथि हुने हिंसा रोकथामका उपायहरू, पीडित सहायता संयन्त्र र प्रभावकारी अनुसन्धान संयन्त्र सहितको बहुआयामिक दृष्टिकोण हुनु आवश्यक हुन्छ ।

## बालसुरक्षाको आवश्यकता र नीतिका लागि सिफारिस

अध्याय ५ मा यौन हिंसा र यौन उत्पीडन भोगेका बालबालिकाहरूका लागि औपचारिक र अनौपचारिक सहायता प्रणाली बलियो बनाउनु पर्ने आवश्यकतालाई जोड दिँदै अनुसन्धानको फराकिलो प्रभावहरू विश्लेषण गरिएको छ । यस अध्ययनले विद्यालय सुरक्षा अभ्यासहरूमा भएका कमीकमजोरीहरू पहिचान गर्दै विशेष गरी ग्लोबल साउथमा थप समावेशी र सान्दर्भिक नीतिहरू निर्माण गरी तदारुकताका साथ लागू गर्नुपर्नेमा जोड दिएको छ । यस प्रतिवेदनले औपचारिक गुनासो सुनुवाई संयन्त्रको पूरकको रूपमा परिवारका सदस्यहरू र साथीहरूको सञ्जाल बनाई अझ सशक्त रूपमा काम गर्नुपर्ने सुझाव दिएको छ । लैङ्गिक अपेक्षा र सामाजिक प्रचलनले पनि बालबालिकाहरूको मनोबल बढाउन वा घटाउन महत्त्वपूर्ण भूमिका खेलेको हुन्छ । त्यसैले उनीहरूको मनोबल उच्च राख्न महिला कर्मचारीहरूको सशक्तीकरण र औपचारिक र अनौपचारिक गुनासो संयन्त्रको प्रयोग बारेमा तालिम प्रदान गर्नु आवश्यक हुन्छ ।

बालबालिकाहरूमा अत्मविश्वास बढाउन शैक्षिक कार्यक्रमहरू जस्तै आमा-छोरी कार्यशाला गोष्ठी, बालबालिका-केन्द्रित जागरुकता अभियानहरू, बालअधिकार बारेमा सचेतना कार्यक्रमहरू महत्त्वपूर्ण हुन्छन् भने बालबालिकाहरूलाई यौन हिंसाका घटनाहरू रिपोर्ट गर्न सामाजिक कलंकको डरबाट मुक्त गरिनु जरुरी हुन्छ । सहायता संयन्त्रलाई विकेन्द्रीकरण गरेर समुदायमा आधारित सहायता संयन्त्रलाई बलियो बनाइएमा विद्यालयहरूले पनि विद्यार्थीहरूलाई आवश्यक सहायतासम्म पहुँच सुनिश्चित गर्न सक्छन् ।

## निष्कर्ष र सिफारिसहरू

अध्याय ६ ले निष्कर्षहरूलाई संश्लेषण गर्दै बालबालिकालाई दूर्व्यवहारबाट संरक्षण गर्न बृहत् बालअधिकारमा आधारित दृष्टिकोण अपनाइनु पर्नेमा जोड दिएको छ । कानूनी व्यवस्था मात्र बालबालिकाको सुरक्षाका लागि पर्याप्त छैनन किनभने अधिकांश बालबालिकाहरू आफ्ना अधिकारका बारे सचेत भए पनि औपचारिक गुनासो प्रणाली प्रति विश्वस्त हुन नसकेकाले घटनाहरूको रिपोर्ट नगर्ने गरेको पाइएको छ । बालबालिकाका लागि सहयोगी र सुरक्षित वातावरण तयार गर्न सरकारी अधिकारीहरू, शैक्षिक संस्था, अभिभावक, स्थानीय समुदाय, नागरिक समाज संगठनहरू, र अन्तर्राष्ट्रिय संघसंस्थाहरू संलग्न बहुपक्षीय प्रयासहरू आवश्यक रहेको छ ।

सरोकारवालाहरूका लागि केही सिफारिसहरू :

- सरकारले बाल सुरक्षण सम्बन्धी कानूनलाई अझ मजबुत बनाई बाल यौन हिंसाका घटनाहरू रोकथाम गर्न स्थानीय तहमा नै विशेष संयन्त्रको स्थापना गर्नुपर्छ र बालमैत्री अदालतहरू स्थापना गर्नुपर्छ ।
- शैक्षिक संस्थाहरूले बाल सुरक्षण नीति बनाई तदारुकताका साथ लागू गर्नुपर्छ भने शैक्षिक पाठ्यक्रममा पनि व्यक्तिगत सुरक्षण विधीहरू समावेश गरी र कर्मचारीहरूलाई दूर्व्यवहारका संकेतहरू पहिचान गर्न सक्ने गरी तालिम दिईनु पर्छ ।
- स्थानीय सरकार र समुदायका अगुवाहरूले स्थानीय बाल सुरक्षण समिति गठन गरी सामाजिक कलंकका विरुद्ध समुदाय संवादलाई प्रोत्साहित गर्नुपर्छ ।
- नागरिक समाजका संघसंस्थाले जनचेतना जगाउने अभियानहरू चलाउने, तालिम दिने र हिंसा पीडितहरूलाई सहयोग उपलब्ध गराउनु पर्छ ।
- सञ्चार माध्यम र निजी क्षेत्रले नैतिकताको पत्रकारिता, बालसुरक्षण नीतिहरूको प्रवर्द्धन, र हानिकारक सामाजिक कुरुतीहरू विरुद्ध आवाज उठाउनु पर्छ ।

- अन्तर्राष्ट्रिय संघसंस्थाहरूले बाल सुरक्षण प्रणालीलाई मजबुत बनाउन प्राविधिक र आर्थिक सहायता उपलब्ध गराउनु पर्छ भने मानव बेचबिखन र शोषणलाई नियन्त्रण गर्न अन्तरदेशीय सञ्जाल बनाउन सहयोग गर्नुपर्छ।

यस प्रतिवेदनले नेपालमा बाल यौन हिंसा नियन्त्रणका लागि एक बृहत् र बहुआयामिक दृष्टिकोणको आवश्यकता रहेको निष्कर्ष निकालेको छ। सरोकारवालाहरूले कानूनी, सामाजिक र समुदायमा आधारित समाधानका उपायहरू अवलम्बन गरेर मात्र बालबालिकालाई हानिबाट जोगाउने वातावरण निर्माण गर्न सक्छ र पीडितहरूलाई आवश्यक सहायता प्रदान गर्न सक्छ।

अध्याय १

# नेपालमा बालबालिकामाथि यौन हिंसाको इतिहास

## १.१ पृष्ठभूमि

नेपालमा यौन हिंसा, विशेष गरी बालिकाहरू विद्यालय र सार्वजनिक स्थानहरूमा असुरक्षित हुने गरी जरो गाडेर बसेको एक जटिल समस्या बनेको छ। यस प्रकारका लैङ्गिक हिंसाले उनीहरूको सुरक्षालाई मात्रै खतरामा पार्ने नभई उनीहरूको शिक्षा, गतिशीलता, र समग्र कल्याणमा समेत असर पारेको हुन्छ। यस्ता दूर्व्यवहार नियन्त्रणका लागि केही कानूनी र संरचनागत व्यवस्था गरिए पनि सांस्कृतिक, सामाजिक र प्रणालीगत चुनौतीहरूले यसको प्रभावकारी कार्यान्वयनमा बाधा पुऱ्याएको पाइन्छ।

### *१.१.१ नेपालमा लिङ्ग र हिंसाको ऐतिहासिक दृष्टिकोण*

यौन उत्पीडन सहित लैङ्गिक हिंसाको जरा नेपालको पितृसत्तात्मक सामाजिक संरचनासँग जोडिएको पाइन्छ। ऐतिहासिक रूपमा नेपालको सामन्ती व्यवस्थाले महिलालाई सीमान्तकृत गर्दै लैङ्गिक भेदभाव गरेर लैङ्गिक असन्तुलनलाई निरन्तरता दिँदै आएको पाइन्छ। राणा काल (१८४६–१९५१) मा महिलालाई शैक्षिक र आर्थिक अवसरबाट वञ्चित गरिएको थियो भने यसले पञ्चायत युग (१९६०–१९९०) मा पनि निरन्तरता पाएको थियो। सन् १९९० पछि लोकतान्त्रिक सुधारहरू र नेपालको संविधान २०१५ जारी भए पछि लैङ्गिक अधिकारमा केही

कानूनी प्रगतिहरू भए पनि लैङ्गिक विभेदकारी सामाजिक प्रचलनहरूले यी कानूनी प्रगतिहरूलाई ओझेलमा पारेका छन् ।

## १.२. व्यापकता र सन्दर्भ

### *१.२.१ विद्यालय र सार्वजनिक स्थानहरूमा हुने यौन हिंसा*

अध्ययन र प्रतिवेदनहरूका अनुसार धेरैजसो बालिकाहरूले विद्यालय जाँदा वा घर फर्किदा, कक्षाकोठामा र सार्वजनिक स्थानहरू जस्तै बजार र सार्वजनिक यातायातमा यौन हिंसा भोग्ने गर्छन् । यौन उत्पीडनका प्रकारहरूमा प्रायः मौखिक दूर्व्यवहार, अस्वाभाविक रूपमा शरीरमा छुने, र नराम्रो टिप्पणी गर्ने गरेर उनीहरूलाई आघात पुऱ्याउने वा भयभीत पार्ने गर्छन् ।

विद्यालयहरू, जहाँ शिक्षक र साथीहरूले सुरक्षित वातावरण सिर्जना गर्ने अपेक्षा गरिएको हुन्छ, त्यही यौन हिंसाका घटनाहरू भए त्यसले बालबालिकाहरूको आत्मबल कमजोर बनाउन सक्छ भने शैक्षिक प्रगति पनि खस्किन सक्छ । सार्वजनिक स्थानहरूमा हुने यस्ता घटनाले विशेष गरी बालिकाहरूका लागि चुनौती खडा गर्ने र उनीहरूको गतिशीलता र सामाजिक तथा शैक्षिक प्रगतिमा बाधक बन्न सक्छ जसले फेरि लैङ्गिक असमानतालाई बढाउने छ ।

### *१.२.२ घटनाहरूको कम रिपोर्टिङ*

घटनाहरूको कम रिपोर्टिङले समस्यालाई अझ जटिल बनाउँछ । धेरै बालिकाहरू सामाजिक कलंक र ईज्जत जाने डरले वा औपचारिक रिपोर्टिङ संयन्त्र प्रतिको अविश्वासले गर्दा बोल्न डराउँछन् । प्रायः परिवारले पनि ईज्जत जाने डरले गर्दा बोल्न वा उजुरी गर्न डराउँछन् जसले पीडितलाई थप प्रताडित बनाउँछ भने अपराधीलाई दण्डहीनताका साथ अझ अपराध गर्न प्रोत्साहित गर्छ ।

### *१.२.३ सामाजिक निषेध र कलंक*

समाजमा गहिरो गरी जरा गाडेर बसेको सांस्कृतिक मूल्यमान्यता र सामाजिक कुरितीहरूले लैङ्गिक हिंसासँग सम्बन्धित रहेको यौन हिंसाको बारेमा खुला छलफललाई निरुत्साहित गरेको हुन्छ। पीडितहरूलाई प्रायः दोषी देखाइन्छ जसले गर्दा उनीहरू उजुरी गर्न डराउँछन् भने सहायता पनि पाउँदैनन। सांस्कृतिक विश्वास र सामाजिक बहिष्कारको डरले धेरैलाई बोल्न निरुत्साहित गरेको हुन्छ।[१]

### *१.२.४ जातीय र सामुदायिक भेदभाव*

प्रणालीगत दमन र न्यायमा सीमित पहुँचका कारण सीमान्तकृत समुदायका महिला तथा बालिकाहरू यौन हिंसाको उच्च जोखिममा रहेको पाइन्छ। परापूर्वकालदेखिको जातीय असमानताहरू र अन्तरजातीय भेदभावलाई सम्बोधन गर्ने प्रभावकारी कार्यक्रमहरूको अभावले उनीहरूको दुर्दशालाई अझ बढाएको पाइन्छ।

## १.३ कानूनी व्यवस्था र चुनौतीहरू

नेपालको कानूनले यौन हिंसालाई सम्बोधन गर्न कानूनी व्यवस्थाहरू गरेका छन्। कार्यस्थलमा हुने यौनजन्य दूर्व्यवहार (निवारण) ऐन, २०७१ र बालबालिका सम्बन्धी ऐन, २०७५ ले बालबालिका र महिलाहरूलाई यौन हिंसाबाट संरक्षण गर्ने उद्देश्य राखेको पाइन्छ। त्यसैगरी नेपालले अन्तर्राष्ट्रिय महासन्धिहरू जस्तै संयुक्त राष्ट्र संघको बाल अधिकार सम्बन्धी महासन्धि (सिआरसी) र महिला विरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलन सम्बन्धी महासन्धि (CEDAW) मा हस्ताक्षर गरेको छ।

[१] Women's Rehabilitation Centre, 'Annual Factsheet On Gender Based Violence Against Women And Girls' ( July 2021 to June 2022) < https://www.worecnepal.org/uploads/publication/document/1190717651Annual%20Factsheet%20on%20Gender%20Based%20Violence_2022%20%282%29.pdf?utm_source=chatgpt.com > accessed 11 October 2024.

तर, यी कानूनहरूको कार्यान्वयन पक्ष भने कमजोर रहेको पाइन्छ । सचेतनाको कमी, कानून कार्यान्वयन गर्ने निकाय र न्यायाधीकरणलाई अपर्याप्त प्रशिक्षण, र पीडितहरूको लागि अपर्याप्त सहायतता तथा सेवाहरूले गर्दा न्याय पीडितहरूको पहुँच बाहिर रहेको पाइन्छ । विद्यालयहरूमा बाल सुरक्षण नीतिको अभावमा यौन हिंसा लगायतका पीडितहरूको समस्या समाधानका लागि संयन्त्र नहुँदा उनीहरू अझ असुरक्षित रहेको पाइन्छ ।

नेपालका विद्यालयहरूमा शारीरिक दण्डसजाय जस्ता परम्परागत अनुशासन पद्धति प्रचलनमै छ जसले बालबालिकामाथि यौन हिंसाको जोखिम निम्त्याउन सक्छ। त्यसैगरी कतिपय घटनामा कानून अनुसार सम्बोधन गरिनुको सट्टा विद्यालयको प्रतिष्ठा जोगाउने नाममा गुपचुप रूपमा मिलाइनुले यस्ता घटनाको गम्भीरतालाई बेवास्ता गरिएको देखिन्छ । अधिकांश विद्यालयहरूमा गुनासो सुन्ने वा अनुशासन कायम राख्ने जिम्मा पुरुष कर्मचारीलाई दिइएको हुनाले लैङ्गिक पूर्वाग्रह हुन सक्ने र यस्ता घटना अझ बढ्न सक्ने देखिन्छ ।

९० को दशकको अन्त्यदेखि बालबालिकामाथि हुने हिंसाको विरुद्ध संयुक्त राष्ट्र संघ, गैरसरकारी संस्था (एनजीओ), र अन्य अन्तर्राष्ट्रिय संस्थाहरूले व्यापक रूपमा अभियान चलाएको पाइन्छ ।[२] त्यसपछि गैरसरकारी संस्थाहरूले वैकल्पिक शक्तिको रूपमा कसरी जोखिम मोलेर पनि आमुल परिवर्तनका लागि मानव अधिकार र सहायतता कार्यमा सहयोग पुऱ्याउन सक्छन् भन्नेमा बहस चलेको थियो ।[३] आलोचकहरूले संयुक्त राष्ट्र संघलाई बालबालिकामाथि हुने सबै प्रकारका हिंसालाई सम्बोधन गर्न सक्ने गरी संरचना बनाउन नसकेको भनी आलोचना गर्दै आएका छन् ।[४] संयुक्त राष्ट्र संघले यातना जस्ता घटनाहरू रोकथामका लागि काम गर्दै आइरहेको

---

[२] Jo Becker,'*Campaigning for Justice: Human Rights Advocacy in Practice* (2020)', Stanford, CA. Stanford University Press, 96.

[३] Bebbington, Hickey, and Mitlin, 'Introduction: Can NGOs Make a Difference? The Challenge of Development Alternatives(2007)', in *Can NGOs Make a Difference?* United Kingdom.Bloomsbury Academic and Professional, 33-34.

[४] Jo Becker,'*Campaigning for Justice: Human Rights Advocacy in Practice* (2020)', Stanford, CA.Stanford University Press, 96-97.

भए पनि कार्यस्थलमा हुने यौन हिंसा, र विशेष गरी घर र परिवारमा हुने यौन हिंसा रोकथामका लागि संरचना निर्माण नगरेको भनि आलोचना खेप्दै आइरहेको छ ।[५] गैरसरकारी संघसंस्थाहरूले यौन हिंसा रोकथामका लागि स्रोतसाधनको व्यवस्था र व्यापक अध्ययन अनुसन्धान गरि संयुक्त राष्ट्र संघको कार्यक्षेत्रमा समेटि अन्तर्राष्ट्रिय मुद्दाका रूपमा अगाडि बढाइनु पर्ने वकालत गर्दै आइरहेका छन् ।[६] यस अध्ययनले बालबालिका सम्बन्धी कानून र व्यवहारिक अभ्यासबीच रहेको खाडलको पहिचान गर्न अझ विस्तृत अध्ययन अनुसन्धान गर्नुपर्नेमा जोड दिएको छ ।

## १.४ कार्यविधि

यस अध्ययनमा तथ्यांक संकलन र विश्लेषणका लागि निम्न अनुसन्धान प्रश्नहरू र पद्धतिहरू अपनाइएको थियो ।

### *१.४.१ अनुसन्धान प्रश्नहरू*

के बालबालिकामाथि हुने यौनजन्य र अन्य प्रकारका हिंसा रोकथामका लागि कानूनी प्रतिबन्ध लगाउनु मात्र हिंसा अन्त्यका लागि पर्याप्त छन् त ? शारीरिक दण्डसजाय र यौन हिंसाबीचको अन्तरसम्बन्धले यी अभ्यासहरूमा कस्तो असर पार्छ ?

### *१.४.२ अनुसन्धान पद्धति*

यस अनुसन्धानको लागि मिश्रित अनुसन्धान पद्धति अपनाइएको थियो । बालबालिकाहरू—विशेष गरी १८ वर्ष मुनिकाहरू—विरुद्धको यौन हिंसा सम्बन्धी अनुसन्धान निकै जटिल, व्यक्तिगत र भावनात्मक पक्षसँग सम्बन्धित हुने भएकोले

---

[५] Jo Becker,'*Campaigning for Justice: Human Rights Advocacy in Practice* (2020)', Stanford, CA.Stanford University Press, 97.

[६] Jo Becker,'*Campaigning for Justice: Human Rights Advocacy in Practice* (2020)', Stanford, CA.Stanford University Press, 98-101.

यस्तो अनुसन्धान पद्धतिको छनौट गरिएको थियो । विद्यार्थीहरूलाई छ/ छैन वा हो/होइन भनी टिक लगाउने प्रश्नहरू दिइएको थियो भने उनीहरूले सहज महसुस गरेमा व्यक्तिगत अनुभवहरू लेख्न पनि भनिएको थियो । त्यस पूर्व विद्यालयका प्रधानाध्यापक, शिक्षक र विद्यालय नर्सहरूसँग बालबालिकामाथि हुने यौन हिंसा, त्यसलाई सम्बोधन गर्न विद्यालयमा राखिएको गुनासो पेटिका र गुनासो सुनुवाई प्रक्रिया र यस अनुसन्धानमा विद्यार्थीहरूबाट कसरी सत्यतथ्य बाहिर ल्याउन सकिन्छ भन्ने बारेमा छलफल गरी सुझाव संकलन गरिएकोले यस अनुसन्धानलाई अगाडि बढाउन मद्दत पुगेको थियो । सहभागीहरूलाई गोपनियता सुनिश्चित गर्न प्रश्नावलीमा व्यक्तिगत परिचय खुल्ने कुनै पनि प्रश्न सोधिएको थिएन भने उनीहरूलाई यसमा लेखिएको कुनै पनि कुरा उनीहरूको परिवारका सदस्यहरू, साथीहरू, विद्यालयका शिक्षक र कर्मचारीहरू कसैले पनि थाहा पाउँदैनन भनि आश्वस्त पारिएको थियो ।

### *१.४.३ तथ्यांक संकलन प्रक्रिया*

यस अध्ययनका लागि काठमाडौं उपत्यकामा रहेको टोखा नगरपालिका भित्र सञ्चालित १० वटा विद्यालयहरूबाट तथ्यांक संकलन गरिएको थियो । तीमध्ये ५ वटा विद्यालयहरू नेपाल सरकारद्वारा सञ्चालित सामुदायिक विद्यालयहरू थिए भने अर्को ५ वटा विद्यालयहरू संस्थागत विद्यालयहरू थिए । तथ्यांक संकलनका लागि ती विद्यालयहरूका कक्षा १० मा अध्ययरत विद्यार्थीहरू छनौट गरिएको थियो किनभने उनीहरू यस अध्ययनको गहनता बुझ्न र उनीहरूले हालसम्म भोगेका अनुभवहरू पनि लेख्न सक्छन । यस अध्ययनमा ४२१ जना विद्यार्थीहरू, ३२ जना शिक्षकहरू, र केही विद्यालय नर्सहरू सहभागी भएका थिए ।

विद्यार्थीहरूबाट तथ्यांक संकलन गर्नुपूर्व उनीहरूलाई बाल यौन हिंसा र उत्पीडन विरुद्ध राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानूनी व्यवस्थाहरूका बारेमा अभिमुखीकरण कक्षा सञ्चालन गरिएको थियो । अभिमुखीकरण कक्षा पछि विद्यार्थीहरूलाई प्रश्नावली वितरण गरिएको थियो । गोपनियतका लागि उत्तरदातालाई सहज होस् भनेर केटाहरू र केटीहरूलाई कोठाको अलग-अलग भागहरूमा परीक्षा शैलीमा छुट्टाछुट्टै राखिएको थियो वा छुट्टै कोठा उपलब्ध भएको विद्यालयमा छुट्टै कोठामा

राखिएको थियो । मुख्य तथ्यांक संकलन गर्नुपूर्व एउटा विद्यालयमा नमूना तथ्यांक संकलन गरिएको थियो । संकलित तथ्यांकलाई विश्लेषण गरी हेर्दा विद्यार्थीहरूलाई नियमित कक्षामा जस्तै नजिक नजिक राखेर प्रश्नावली भर्न दिँदा गोपनियता कायम नभएको र यस अनुसन्धानको महत्त्व नबुझेकोले अपेक्षित तथ्यांक नआएको निष्कर्ष निकालियो । त्यस पछि माथि उल्लिखित विधी अपनाएर विद्यार्थीहरूलाई प्रश्नावली भर्न लगाइएको थियो ।

संकलित तथ्यांकबाट आएको नतिजा उपर टोखा नगरपालिकाका उपप्रमुख, शिक्षा, युवा तथा खेलकुद शाखा, सामाजिक समावेशिकरण (महिला तथा बालबालिका) शाखा, स्वास्थ्य शाखा लगायत शिक्षकहरू, विद्यालय व्यवस्थापन समितिका प्रतिनिधीहरू र अभिभावकहरूसँग संयुक्त भेला गरी छलफल पश्चात् सुझाव संकलन गरिएको थियो ।

### *१.४.४ तथ्यांक विश्लेषण प्रक्रिया*

संकलित तथ्यांकलाई उमेर समूह, कानूनी व्यवस्था सम्बन्धी जानकारी, अनुभव, विद्यालय आदिका आधारमा वर्गीकृत गरिएको थियो । त्यसपछि, तथ्यांकलाई लैङ्गिक आधारमा वर्गीकृत गरिएको थियो किनभने यौन हिंसा भोगेको बताउनेमा अधिकांश बालिकाहरू थिए । तत्काल सहयोगका लागि अनुरोध गरिएको छ कि भनी प्रत्येक उत्तरपुस्तिकाको खुला प्रश्नोत्तरलाई सावधानीपूर्वक अध्ययन गरिएको थियो । अर्को चरणमा यस अध्ययन प्रयोजनका लागि सान्दर्भिक तथ्यांकहरूलाई वर्गीकृत गरी उनीहरूले गरेको गुनासोमाथि के कस्तो सुनुवाई भयो वा गुनासो नै दर्ता गरेनन् कि भनी अध्ययन गरिएको थियो ।

यसबाहेक, विद्यालयका कर्मचारीहरू र बालसुरक्षण विषयका विज्ञहरूसँगको अन्तर्वार्ताबाट बालबालिकामाथि हुने यौन हिंसाका घटनाहरूमा उजुरी गर्ने प्रक्रिया र गुनासो सुन्ने संयन्त्र तथा त्यस्ता प्रणाली र नीतिहरू कार्यान्वयन गर्दा सामना गर्नु परेका चुनौतीहरूका सम्बन्धमा गुणात्मक तथ्यांक संकलन गरिएको थियो । समग्रमा, तथ्यांक विश्लेषण प्रक्रियामा मात्रात्मक र गुणात्मक तथ्यांकहरू छुट्टयाएर

विश्लेषण गरिएको थियो भने हाम्रा तर्कहरू र मुख्य सुझावहरूलाई प्रमाणित गर्न अन्य अनुसन्धान प्रतिवेदन र साहित्यिक प्रकाशनहरूको पनि अध्ययन गरिएको थियो ।

### *१.४.५ नैतिक पक्ष*

यो अध्ययन सुरु गर्नुपूर्व बालबालिकासँग सम्बन्धित अनुसन्धान र विशेष गरी, बालबालिकामाथि भएको यौन हिंसाका घटनासँग सम्बन्धित अध्ययन भएकोले कसरी नैतिक गुणस्तर कायम गरी अध्ययन गर्न सकिन्छ भन्ने योजना बनाउन पर्याप्त समय खर्चिएको थियो । यसमा मञ्जुरी, गोपनीयता, स्थानीय नगरपालिका र विद्यालयहरूबाट अनुमति आदि लिइएको थियो । यसका लागि सम्बन्धित निकायहरूबाट अनुमति लिनुपूर्व अध्ययन प्रस्ताव पेश गरिएको थियो । नेपालमा कानूनतः १८ वर्ष भन्दा मुनीका बालबालिकाले दिएको मञ्जुरी वैद्य मानिंदैन । त्यसैले उनीहरूसँग व्यक्तिगत रूपमा मौखिक अनुमति लिइएको थियो । साथै, माथि उल्लेख गरिए अनुसार उनीहरूको गोपनियता र वैयक्तिक सुरक्षाका लागि प्रश्नावलीमा नाम वा अन्य पहिचान खुल्ने कुनै पनि जानकारी मागिएको थिएन । अभिमुखीकरण कक्षा र सर्वेक्षणका क्रममा विद्यालयका शिक्षकहरू उपस्थित थिए भने विद्यालयको नियमहरूको पालना गरिएका थिए । संकलित तथ्यांकलाई यस अध्ययनमा प्रत्यक्ष संलग्न टोलीसँग मात्र छलफल गरिएको थियो र सूचनाको सुरक्षाका लागि एक सुरक्षित डाटाबेसमा भण्डारण गरी उत्तरपुस्तिकालाई सुरक्षित स्थानमा राखिएको थियो । यी कार्य विद्यार्थीहरूको गोपनियता कायम राख्न र उनीहरूलाई सहज महसुस गराउनका लागि आवश्यक थियो ।

अध्याय २

# यौन हिंसा विरुद्ध बालबालिकाको कानूनी संरक्षण

## २.१. अन्तर्राष्ट्रिय कानूनी व्यवस्था

बाल अधिकार सम्बन्धी संयुक्त राष्ट्र संघीय महासन्धिलाई २०४६ मंसिर ५ गते (२० नोभेम्बर १९८९) मा संयुक्त राष्ट्र संघको साधारण सभाले पारित गरेको थियो भने नेपालले २०४६ भदौ २९ गते (१४ सेप्टेम्बर १९९०) मा अनुमोदन गरी यसको पक्षराष्ट्र बनेको थियो।[७] यसले बालबालिकामाथि हुने यौन हिंसाबाट बालबालिकाको संरक्षणका लागि विस्तृत रूपरेखा दिएको छ । यस महासन्धिले पक्षराष्ट्रलाई प्रभावकारी कानूनी, प्रशासनिक र शैक्षिक व्यवस्था गरी बालबालिकालाई यौन हिंसा लगायत सबै प्रकारका हिंसाबाट सुरक्षा प्रदान गर्न जिम्मेवार बनाएको छ।

महासन्धिको धारा १९(१) ले प्रत्येक पक्षराष्ट्रले अभिभावक वा कानूनी संरक्षक वा अन्य हेरचाहकर्ताको साथमा रहेका बालबालिकालाई सबै प्रकारका शारीरिक तथा मानसिक हिंसा, चोटपटक वा हनन, बेवास्ता वा लापरवाहीपूर्ण व्यवहार, दूर्व्यवहार वा यौन हिंसा लगायतका शोषणबाट संरक्षणका लागि कानूनी, प्रशासनिक तथा शैक्षिक मापदण्ड लगायत उचित व्यवस्था गर्नेछ भन्ने उल्लेख गरेको छ। यस प्रावधानले सबै प्रकारका वातावरण तथा सम्बन्धहरूमा बालबालिकालाई संरक्षण प्रदान गर्ने उद्देश्य लिएको छ।

---

[७] Convention on the Rights of the Child (adopted 20 November 1989, entered into force 2 September 1990) 1577 UNTS 3 (CRC) < https://www.ohchr.org/en/instrumentsmechanisms/instruments/convention-rights-child > accessed 11 October 2024.

यस प्रावधानमा आधारित भएर धारा १९ (२) ले यस्ता संरक्षणका उपायहरू अवलम्बन गर्ने बालबालिका र संरक्षकलाई आवश्यक सहायता प्रदान गर्ने प्रभावकारी सामाजिक कार्यक्रमहरूको आयोजना गर्नुका साथै अन्य प्रकारका रोकथामका उपायहरू र पहिचानका लागि उजुरी, सिफारिस, अनुसन्धान, उपचार र माथि उल्लिखित दूर्व्यवहारका घटनाहरूलाई सम्बोधन गर्न उचित कदम चाल्न र आवश्यक परे न्यायपालिकालाई पनि समावेश गर्नुपर्छ भन्ने व्यवस्था गरिएको छ। यस प्रावधानले जवाफदेहिता र न्याय सुनिश्चित गर्न अनुगमन कार्यहरू र उपयुक्त भएमा न्यायिक संलग्नताको महत्त्वलाई थप जोड दिएको छ।

सिआरसीले बाल संरक्षणको लागि आधारशिलाको रूपमा काम गर्दछ र सदस्य राष्ट्रहरूलाई यसको सिद्धान्तहरूलाई उनीहरूको राष्ट्रिय योजनामा समावेश गर्न र बृहत् योजना मार्फत रोकथाम तथा हस्तक्षेप गरी बालबालिकाको कल्याणलाई प्राथमिकता दिन आग्रह गर्दछ।

## २.२. राष्ट्रिय कानूनी व्यवस्था

बालबालिका विरुद्ध हुने यौन दूर्व्यवहार र यौन हिंसा सम्बन्धी नेपालमा विद्यमान कानूनी प्रावधानहरू बुझ्न दुई प्रमुख दस्तावेजहरूको विश्लेषण आवश्यक छ : (क) मुलुकी अपराध (संहिता) ऐन, २०७४,[८] र (ख) बालबालिका सम्बन्धी ऐन, २०७५। मुलुकी अपराध (संहिता) ऐनको भाग २ परिच्छेद १८ करणी सम्बन्धी कसुरसँग सम्बन्धित छ। यस अध्ययन प्रयोजनाका लागि दफा २१९ (जबरजस्ती करणी गर्न नहुने) र दफा २२५ (बाल यौन दुरुपयोग गर्न नहुने) को विशेष चर्चा गरिएको छ।

### *२.२.१ मुलुकी अपराध संहिता, २०७४*

#### क. जबरजस्ती करणी गर्न नहुने

मुलुकी अपराध संहिताको दफा २१९ (१) मा "कसैले जबरजस्ती करणी गर्न हुँदैन भनिएको छ। त्यसैगरी, दफा २१९ (२) मा भनिएको छ, "कसैले कुनै महिलालाई

[८] National Penal Code 2017 (came into effect in 2018).

निजको मञ्जुरी नलिई करणी गरेमा वा मञ्जुरी लिएर भए पनि १८ वर्षभन्दा कम उमेरको कुनै बालिकालाई करणी गरेमा निजले त्यस्तो महिला वा बालिकालाई जबरजस्ती करणी गरेको मानिनेछ।"[९]

नाबालिगको सहमतिमा करणी गरेमा पनि जबरजस्ती करणी गरेको मानिने छ। लैङ्गिक दृष्टिकोणले हेर्दा पनि यहाँ कानूनले बालबालिकाको संरक्षणलाई कसरी ध्यान दिएको छ भन्ने देखिन्छ जुन अझ बढी चर्चा गर्न आवश्यक छ।[१०] यो खण्ड यस अनुसन्धानका लागि सान्दर्भिक छ किनभने अभिमुखीकरण कार्यक्रम र प्रश्नावलीमा विशेष गरी विद्यार्थीहरूलाई यी कानूनी व्यवस्थाको बारेमा थाहा छ कि छैन वा भर्खरै थाहा पाएँ भन्ने जस्ता उत्तरहरूमा टिक लगाउन भनिएको थियो। यस प्रश्नावलीसँग सम्बन्धित तथ्यांक र यसमा विद्यार्थीहरूको ज्ञान के कति भएको पाइयो भन्ने बारेमा तल विस्तृत रूपमा चर्चा गरिएको छ।

### ख. बाल यौन दुरुपयोग गर्न नहुने

मुलुकी अपराध संहिताको दफा २२५(१) मा "कसैले बाल यौन दुरुपयोग गर्न वा गराउन हुँदैन" भनी उल्लेख गरिएको छ। यसबाहेक, दफा २२५(२) ले थप व्यवस्था गरेको छ कि "कसैले करणीको आशयले बालबालिकालाई अस्वाभाविक रूपमा एकान्तमा लगेमा, यौन सम्बन्धी निजका अङ्ग छोएमा वा समातेमा, यौन सम्बन्धी आफ्नो अङ्ग निजलाई छुन वा समाउन लगाएमा वा निजसँग अन्य कुनै किसिमको यौनजन्य अस्वाभाविक व्यवहार गरेमा बाल यौन दुरुपयोग गरेको मानिनेछ।"

[९] National Penal Code 2017 (came into effect in 2018) (Nepali Version) <https://supremecourt.gov.np/web/assets/downloads/मुलुकी-अपराध-संहिता-ऐन-२०७४.pdf> accessed 11 October 2024.

[१०] Amiya Bhatia, Nancy Krieger, Cesar Victora, Sumnima Tuladhar, Jacqueline Bhabha, Jason Beckfield, 'Analyzing and Improving National and Local Child Protection Data in Nepal: A Mixed Methods Study Using 2014 Multiple Indicator Cluster Survey (MICS) Data and Interviews with 18 Organizations (2020))' Child Abuse and Neglect, 13.

साथै, दफा २२५(३) ले उपधारा (१) मा उल्लेख गरिएको अपराध गर्ने व्यक्तिलाई तीन वर्ष कैद र ३०,०००/- रुपैयाँसम्म जरिवाना हुने व्यवस्था गरेको छ।[११]

दफा २१९ को बारेमा माथि नै चर्चा गरिसकिएको छ र प्रश्नावलीले विद्यार्थीहरूको कानूनी ज्ञानको अवस्था बारेमा पनि तथ्यांक संकलन गरेको छ जुन अर्को अध्यायमा विश्लेषण गरिएको छ।

### *२.२.२ बालबालिका सम्बन्धी ऐन, २०७५*

यस ऐनले बालबालिकाको अधिकार, संरक्षण र अपराध सम्बन्धी विस्तृत सूची प्रदान गरेको छ भने परिच्छेद ८ ले बालबालिका विरुद्धको कसुर सम्बन्धी व्यवस्था गरेको छ। बालबालिका सम्बन्धी ऐन, २०७५ को परिच्छेद ८ ले बालबालिका विरुद्ध हुने अपराधहरूमा केन्द्रित रहेर बालबालिकाको अधिकार, सुरक्षा र कसुरहरूको विस्तृत सूची दिएको छ। यस परिच्छेदले कुनै व्यक्तिले हिंसा वा यौन दूर्व्यवहार गरेमा त्यस्ता अपराधहरूको लागि दोषी हुने कुरा निर्दिष्ट गरेको छ। यस अध्ययनका लागि दफा ६६(३) को विश्लेषण गरिएको छ जसले के कस्ता कार्यहरू बाल यौन दूर्व्यवहार अन्तर्गत पर्छन् भनि विस्तृत सूची प्रदान गरेको छ।[१२] यसमा अश्लील चित्र, श्रृव्य दृश्य वा यस्तै किसिमका अन्य सामग्री देखाउने वा देखाउन लगाउने वा अश्लील वा यौनजन्य आचरण वा व्यवहार झल्कने अभिव्यक्ति वा हाउभाउ प्रदर्शन गर्ने वा गराउने आदि उल्लेख छ। त्यस्तै गरी यस खण्डले यौनजन्य कार्यका लागि बालबालिकालाई जबरजस्ती गर्ने वा धम्की दिने, यौन सेवाहरूको लागि उनीहरूलाई शोषण गर्ने, र बाल वेश्यावृत्ति वा शोषणमा संलग्न गराउने जस्ता कार्यहरूलाई पनि अपराधीकरण गर्दछ। यी अपराधहरूको विस्तृत सूची प्रस्तुत गरेर यस ऐनले अपराधीहरूलाई जवाफदेही बनाउने र बालबालिकाको लागि सुरक्षित वातावरण सिर्जना गर्ने दृढ प्रतिबद्धता गरेको पाइन्छ।

---

[११] National Penal Code 2017 (came into effect in 2018) (Nepali Version) <https://supremecourt.gov.np/web/assets/downloads/मुलुकी-अपराध-संहिता-ऐन-२०७४.pdf> accessed 11 October 2024.

[१२] Act relating to Children 2018 (Nepali Version) < https://cjcc.gov.np/pdf/बालबालिका-सम्बन्धी-ऐन-२०७५-6646-877 > accessed 11 October 2024.

ऐनमा दिइएको बालबालिका विरुद्ध हुने यौन दूर्व्यवहारको यो सूची प्रश्नावलीमा समावेश गरी विद्यार्थीहरूलाई उनीहरूले भोगेका यौन दूर्व्यवहारका स्वरूपहरू बारे सोध्नको लागि प्रयोग गरिएको थियो । यसबारेमा थप जानकारी अर्को अध्यायमा प्रश्नावलीको नतिजा विश्लेषण गर्दा दिइएको छ ।

### *२.२.३ नेपालको कानूनी प्रगति*

मुलुकी अपराध (संहिता) ऐन, २०७४ र बालबालिका सम्बन्धी ऐन, २०७५ ले बालबालिका विरुद्ध हुने यौन हिंसा विरुद्ध लड्न नेपालको कानूनी क्षेत्रमा महत्त्वपूर्ण प्रगतिहरूको प्रतिनिधित्व गर्दछन् । मुलुकी अपराध संहिताले बालबालिकाको सहमतिमै भएको करणीलाई पनि जबरजस्ती करणी हुने भनी स्पष्ट रूपमा अपराधीकरण गर्नु र बाल यौन दूर्व्यवहार विरुद्ध विस्तृत प्रावधानहरूको व्यवस्था गरिनुले पनि शक्ति सन्तुलन, सहमति र शोषणको सूक्ष्मताहरूलाई सम्बोधन गर्ने महत्त्वपूर्ण प्रयास गरेको देखिन्छ । यी कानूनहरूले अपराधको स्पष्ट परिभाषा मात्र प्रदान नगरी अपराधीलाई कडा दण्डसजायको व्यवस्था गरिनुले पनि समस्याको निवारण र न्यायप्रति प्रतिबद्धता प्रतिबिम्बित गर्दछ । तर केही विशिष्ट प्रावधानहरूले लैङ्गिक न्यायलाई जोड दिइरहँदा बालकहरू र लिङ्ग पहिचान नभएका बालबालिकाहरूलाई समान सुरक्षा प्रदान गरिएको छ कि छैन भन्ने बारेमा प्रश्नहरू उठ्न सक्छ । त्यसैले बालबालिकाको सुरक्षामा समान पहुँचका लागि यस दृष्टिकोणबाट पनि छुट्टै अनुसन्धान गरिनु पर्ने देखिन्छ ।

बालबालिका सम्बन्धी ऐन, २०७५ ले अझ विस्तृत र बाल-केन्द्रित दृष्टिकोणबाट पीडकको जवाफदेहितालाई जोड दिंदै र विभिन्न प्रकारका यौन दूर्व्यवहार र शोषणबाट बालबालिकाको संरक्षणमा जोड दिएर मुलुकी अपराध संहिताको पूरकका रूपमा आएको छ । यौन दूर्व्यवहारको विस्तृत दायरा परिभाषित गरेर र बालबालिकाको अधिकार र कल्याणमा ध्यान केन्द्रित गरेर यस ऐनले यौन हिंसा रोकथाम र पीडित-केन्द्रित दृष्टिकोणलाई जोड दिएको छ । तर यी प्रगतिहरूका बावजुद यी कानूनहरूको प्रभावकारिता जनचेतना र कार्यान्वयनमा धेरै निर्भर गर्दछ । यस अध्ययनका लागि तयार पारिएको प्रश्नावलीहरूमा यी कानूनी प्रावधानहरू समावेश गरी

बालबालिकाहरूलाई कानूनी ज्ञान दिनुका साथै यस अध्ययनले कानूनी सचेतनाको स्तर र उपभोगका बीचमा रहेको खाडललाई पुर्न लक्षित शैक्षिक कार्यक्रमहरू र बलियो कार्यान्वयन संयन्त्रहरूको आवश्यकतालाई जोड दिएको छ।

अध्याय ३

# टोखा नगरपालिकामा बालबालिकाविरुद्ध हुने यौन हिंसाको अवस्था

## ३.१ तथ्यांक विश्लेषण

यस अध्यायमा टोखा नगरपालिकामा सञ्चालित १० वटा विद्यालयहरूबाट संकलित तथ्यांकबाट प्राप्त नतिजाको विश्लेषण गरिएको छ। काठमाडौं उपत्यकाको उत्तरी भागमा रहेको यस नगरपालिका भित्र २४ वटा उच्च माध्यमिक विद्यालयहरू सञ्चालित छन् ।[१३] यस नगरपालिकामा ९ वटा सामुदायिक विद्यालयहरू र ८१ वटा संस्थागत विद्यालयहरूले विभिन्न सामाजिक तथा आर्थिक पृष्ठभूमिका विद्यार्थीहरूलाई शैक्षिक सेवा प्रदान गरिरहेका छन् । सामुदायिक विद्यालयहरू सरकारद्वारा सञ्चालित छन् भने निजी विद्यालयहरूको तुलनामा प्राय कम अनुदान प्राप्त गर्छन् ।[१४]

सर्वेक्षणमा सहभागी विद्यार्थीहरू केही होस्टलमा बस्छन् भने केही परिवारका सदस्य वा अभिभावकसँग बस्छन् । उनीहरूको जीवनस्तर बुझ्न यस अध्ययनको

[१३] Alisha Gautam, Krishna Sharma, Sunita Dhakal , Sarmila Dhakal , Anugraha Chand, *Adolescent-Parent Communication On Sexual And Reproductive Health And Its Associated Factors Among Higher Secondary School Students Of Tokha Municipality, Nepal: A Cross-Sectional Study*. JPH Recode (Journal of Public Health Research and Community Health Development) 7 (1) (2023) 13.

[१४] Micheal Hutt, 'The Changing Face of Nepal' vol. 119. Philadelphia: University of California Press (2020) 145.

प्राथमिकता नभए पनि यसले अध्ययनका लागि कस्तो अवस्थामा उनीहरूमाथि यौन हिंसा भएका थिए र त्यस्ता नकारात्मक कार्यमा कस्ता पीडकहरू संलग्न थिए भन्ने पहिचान गर्न सहयोग गर्छ । यस सर्वेक्षणले यौन उत्पीडन र हिंसा भोगेको बताउने विद्यार्थीहरू अध्ययनरत विद्यालयका शिक्षकहरूसँग पनि विद्यालयहरूमा गुनासो सुन्ने संयन्त्र र बाल सुरक्षा नीति भए नभएको बारेमा तथ्यांक संकलन गरेको थियो । यस सर्वेक्षणका लागि ६०० भन्दा बढी विद्यार्थीहरूलाई अभिमुखीकरण दिइएकोमा ती मध्ये कक्षा १० मा अध्ययनरत ४२१ जना विद्यार्थी (१४२ छात्र, २७९ छात्रा) लाई सहभागी गराइएको थियो । त्यस्तै गरी १० वटा विद्यालयहरू (५ वटा सामुदायिक र ५ वटा निजी विद्यालय) बाट ३२ जना शिक्षकहरूलाई सर्वेक्षणमा सहभागी गराइएको थियो । र अन्तमा, केही विद्यालयका विद्यालय नर्सहरू र टोखा नगरपालिकाको शिक्षा, युवा तथा खेलकुद विभागका कर्मचारीसँग पनि बालबालिकामाथि हुने यौन हिंसाका बारेमा छलफल गरिएको थियो ।


## क. विद्यार्थीहरूबाट प्राप्त तथ्यांक

यस खण्डमा, यस अध्ययनसँग सम्बन्धित छ/छैन, हो/होइन जस्ता बन्द प्रश्नहरू, आफूले भोगेका वा देखेका अनुभवहरू बारेमा लेख्न खुल्ला प्रश्नहरू र अभिमुखीकरण र छलफलका क्रममा विद्यार्थीहरूबाट संकलित तथ्यांकको विश्लेषण गरिएको छ ।

प्रश्नावलीको प्रश्न नम्बर २.१ मा निम्न प्रश्न सोधिएको थियो :

के तपाईंलाई थाहा छ, १८ वर्षभन्दा कम उमेरका बालबालिकासँग सहमतिमा पनि यौनसम्बन्ध राख्नु बलात्कार हो ?

निम्न चार्टले सर्वेक्षणको परिणाम देखाउँदछ :





यस सर्वेक्षणमा सहभागी मध्ये ५६ प्रतिशत विद्यार्थीहरूले यस कानूनी व्यवस्थाका बारेमा जानकारी भएको बताएका थिए। त्यस्तै गरी ३३ प्रतिशतले हाम्रो अनुसन्धान टोलीद्वारा आयोजित अभिमुखीकरण कार्यक्रमबाट थाहा पाएको बताएका थिए भने १० प्रतिशतले थाहा नभएको बताएका थिए। १ प्रतिशतले भने केही उल्लेख गरेका थिएनन्।

यस तथ्यांकले के देखाउँछ भने अभिमुखीकरण कार्यक्रम अघि आधाभन्दा बढी विद्यार्थीहरू नेपालमा बाल यौन हिंसा विरुद्ध कानूनी व्यवस्था रहेको बारेमा अनभिज्ञ थिए। साथै, बाँकी सहभागीहरू यस्ता कानून र कानूनी सुरक्षाबारे धेरै हदसम्म अनभिज्ञ रहेको पाइएको थियो। अभिमुखीकरण कार्यक्रमको क्रममा बालबालिका सम्बन्धी ऐन, २०७५ छ भन्ने थाहा छ भनि सोध्दा लगभग सबै विद्यार्थी मौन बसेका थिए। हाम्रो टोलीको अभिमुखीकरण कार्यक्रम पछि ८८ प्रतिशत विद्यार्थीहरूले बाल यौन हिंसा विरुद्धको कानूनी व्यवस्थाका बारेमा जानकारी भएको बताएका थिए। अभिमुखीकरण कक्षा सञ्चालन गरेको विद्यालयका कतिपय विद्यार्थीहरूले १६ वर्ष पुगेपछि राखेको यौनसम्बन्ध जबरजस्ती करणी हुँदैन भन्ने सोचेका थियौँ बल्ल बाल यौन हिंसा विरुद्धको कानूनी व्यवस्थाका बारेमा थाहा पाएको बताएका थिए।

प्रश्न नम्बर २.२ मा निम्न प्रश्न सोधेका थियौं :

के तपाईंलाई थाहा छ यौन दूर्व्यवहार गरेमा ३ वर्षसम्म कैद र ३०,०००/- रुपैयाँसम्म जरिवाना हुन सक्छ ?

निम्न चार्टले सर्वेक्षणको परिणाम देखाउँदछ :




संकलित तथ्यांकलाई विश्लेषण गर्दा ४९ प्रतिशत विद्यार्थीहरूले अभिमुखीकरण कक्षा भन्दा अगाडि नै यस कानूनी व्यवस्थाका बारेमा थाहा थियो भन्नेमा टिक लगाएका थिए भने ३८ प्रतिशत विद्यार्थीहरूले अभिमुखीकरण कक्षाबाट थाहा पाएको भनि टिक लगाएका थिए। ११ प्रतिशत विद्यार्थीले थाहा छैन भनि उल्लेख गरेका थिए भने २ प्रतिशत विद्यार्थीहरूले प्रश्नको जवाफ दिएका थिएनन्। माथि प्रश्न नं. २.१ मा जस्तै यस प्रश्नको सम्बन्धमा पनि अभिमुखीकरण कक्षाले विद्यार्थीहरूको ज्ञानको समग्र प्रतिशत ८७ प्रतिशतले बढाएको देखिन्छ। सर्वेक्षणमा सहभागी १० कक्षामा अध्ययनरत लगभग आधा विद्यार्थीलाई यौन उत्पीडन, हिंसा र यौन दूर्व्यवहारसम्बन्धी आफ्नो कानूनी अधिकार बारेमा थाहा नभएको तथ्यले यस नगरपालिकाभित्रका अन्य विद्यालयहरूमा पनि उनीहरूको अधिकारको बारेमा विद्यार्थीहरूलाई सुसूचित गर्न थप पहुँचको आवश्यकता रहेको सङ्केत गर्दछ। कानूनको ज्ञानले मात्र उनीहरूलाई आवश्यक पर्ने कानूनी, मनोवैज्ञानिक तथा सामाजिक सहयोग पर्याप्त नहुन सक्छ। यस

अध्यायले ज्ञान र अभ्यासका बीचमा रहेको खाडलको थप विश्लेषण गर्दै आवश्यक सुझावहरू पनि प्रस्तुत गरेको छ।

अर्को, हामीले विद्यार्थीहरूलाई मञ्जुरी वा सहमतिको बारेमा जानकारी दियौं, र धेरै विद्यार्थीहरूले, विशेष गरी उनीहरू साना उमेरको अवस्थामा सहमतिका बारेमा थाहा नभएको जानकारी दिएका थिए। एक जना विद्यार्थीले आफ्नो सर्वेक्षण फाराममा यस्तो लेखेकी छिन :

"मैले यसबारे कहिल्यै गुनासो गरिन। मैले मेरा केही मिल्ने साथीहरूलाई उक्त घटनाको बारेमा बताएकी छु। ६, ७ वर्षको उमेरमा मलाई गुड टच र ब्याड टचको बारेमा केही थाहा थिएन। तर पछि म हुर्कदै गर्दा बल्ल मलाई महसुस भयो कि म त यौन उत्पीडनको सिकार भएकी रहेछु।"

"म मेरो अर्को विचार पनि राख्न चाहन्छु कि जब बच्चाहरू प्राथमिक तहमा हुन्छन् शिक्षकहरूले उनीहरूलाई गुड टच र ब्याड टचको बारेमा सिकाउनुपर्छ र आफूले भोगेका घटनाहरू आफ्ना अभिभावकलाई बताउन प्रोत्साहित गर्नुपर्छ। म सुझाव दिन चाहन्छु कि ५ वर्षको उमेरमा नै उनीहरूलाई यसको बारेमा ज्ञान हुनु आवश्यक छ।"

संकलित तथ्यांकले अधिकांश बालबालिकाहरू सानो छँदा "राम्रो र नराम्रो स्पर्शहरू" का बारेमा अनभिज्ञ हुने गरेको देखाएको छ। त्यसैले बालबालिकालाई सानै उमेरदेखि नेपालका कानूनले प्रदान गरेको अधिकार र सुरक्षाबारे जागरुकता बढाउन र बुझाउन तत्काल विद्यालयहरूमा अभिमुखीकरण कार्यक्रमहरू गर्न जरुरी देखिएको छ। तथापि, यौनको बारेमा कुरा गर्न वर्जित समाजमा यौन शिक्षाको बारेमा कुराकानी गर्न भने सजिलो छैन्।[१५]

कानूनले प्रदान गरेको अधिकार र सुरक्षा सम्बन्धी जागरुकताका अतिरिक्त विद्यार्थीहरू खासगरी वयस्क र आफूभन्दा ठूलासँग अन्तरक्रिया गर्दा उचित र अनुचित व्यवहारका बारेमा सचेत हुनुपर्छ। यदि बालबालिकाहरू यौन दूर्व्यवहारका


---

[१५] Alisha Gautam, Krishna Sharma, Sunita Dhakal , Sarmila Dhakal , Anugraha Chand, *Adolescent-Parent Communication On Sexual And Reproductive Health And Its Associated Factors Among Higher Secondary School Students Of Tokha Municipality, Nepal: A Cross-Sectional Study*. JPH Recode (Journal of Public Health Research and Community Health Development) 7 (1) (2023) 19.

घटनाको गुनासो गर्न चाहँदैनन् भने पनि अभिभावकहरू यौन हिंसाको पहिचान गर्न सक्षम हुनुपर्छ र त्यस्ता व्यवहार न त स्वीकार्य छन् न त उनीहरू एक्लै गुपचुप सहन बाध्य छन् भन्ने बझाउनु पर्छ । उनीहरूको अधिकार र उपलब्ध सहायता सम्बन्धी जानकारीले बाल सुरक्षा नीतिहरूमा भएका व्यवस्थाहरूको उपभोग र जवाफदेहीता स्थापित गर्न मद्दत गर्छ ।

निम्न चार्टहरूले विद्यार्थीहरूद्वारा रिपोर्ट गरिएको यौन हिंसाका घटनाहरूको तथ्यांकगत रूपमा प्रस्तुत गरेको छ । चार्ट १ मा सबै सहभागीहरू समावेश छन् भने चार्ट २ मा बालिकाहरूको मात्र तथ्यांक समावेश छन् । लैङ्गिक आधारमा तथ्यांक विश्लेषण गरिनुको औचित्य बारेमा पनि व्याख्या गरिएको छ ।


चार्ट १ :




सर्वेक्षणमा सहभागी ४२१ जना विद्यार्थीहरू मध्ये ७० (१६%) जना बालबालिकाहरूले आफूमाथि यौन दूर्व्यवहार भएको बताएका थिए । यस तथ्यांकले एउटा महत्त्वपूर्ण समस्या उजागर गरेको छ भने विद्यालयहरूमा विद्यार्थीहरूलाई आवश्यक सहयोग उपलब्ध गराउन गुनासो सुन्ने संयन्त्र र आवश्यक सहायता उपलब्ध भए नभएको बारेमा बुझ्न छुट्टै अध्ययनको आवश्यकता रहेको देखाएको छ । सहभागी मध्ये

३४४ (८२%) जनाले यौन दूर्व्यवहार नभोगेका बताए भने ७ (२%) जनाले प्रश्नको जवाफ दिएनन् ।

चार्ट २ :




सर्वेक्षणमा सहभागी २७९ जना बालिकाहरू मध्ये ७० जना बालिकाले यौन उत्पीडन र हिंसा भोगेको बताएका थिए। यसको अर्थ सर्वेक्षणमा सहभागी मध्ये २५ प्रतिशत बालिकाले यौन उत्पीडन र हिंसाको सामना गर्नुपरेको तथ्यांकले देखाएको छ । सहभागी २७९ जना बालिकाहरू मध्ये २०४ (७३%) जनाले यौन दूर्व्यवहारको सामना नगरेको उल्लेख गरेका थिए भने ५ (२%) जनाले केही पनि उल्लेख गरेका थिएनन् ।

यस नमूना तथ्यांकले बालिकाहरूमाथि यौन हिंसा भएको तर बालकहरूमाथि नभएको देखाएकोले मुख्यतः बालिकालाई बढी ध्यान दिइनु पर्छ भन्ने भनाईलाई पुष्टि गरेको छ। यसका साथै, १४ देखि १६ वर्षका केटाहरूले अभिमुखीकरण कक्षा र सर्वेक्षणका क्रममा हल्ला गर्ने र एकअर्कालाई जिस्काउने गरेर चुनौती थपिदिएका थिए । केटाहरू यस सर्वेक्षण पूरा गर्दा एकअर्कालाई बोलाउने र हाँस्ने गरिरहेका थिए भने केटी सहपाठीहरूले के लेखिरहेका छन् भनेर हेर्ने कोसिस गरिरहेका थिए।

नमूना अध्ययनका क्रममा देखिएका यी व्यवहारले गर्दा तथ्यांक संकलनका क्रममा केटा र केटीहरूलाई छुट्टाछुट्टै कोठा वा कक्षाकोठाको अर्को भागमा छुट्याएर

राखिएको थियो। केटीहरू भने गम्भीर र सर्वेक्षणमा भाग लिन बढी उत्सुक भएको पाइएकोले केटाहरूको तुलनामा बढी संख्यामा केटीहरूलाई सर्वेक्षणमा सहभागी गराइएको थियो।

प्रश्न नम्बर ३.२ मा तपाईंलाई कसले यौन दूर्व्यवहार गरेको थियो भनी सोधिएको प्रश्नमा ७० जना बालिकाहरू मध्ये, १७ (२४%) जनाले आफ्ना बुबा, जेठा बुबा, काका, टाढाको काका, दाजुभाइ, टाढाको दाजुभाइ, फुपाजु, भाउजू, दाजुभाइको साथी जस्ता आफन्तबाट नै यौन दूर्व्यवहार गरिएको बताएका थिए। यस संख्यालाई पछयाउँदै १५ (२१%) जनाले छिमेकी र घरधनीद्वारा यौन दूर्व्यवहार गरिएको बताएका थिए। त्यसैगरी, १२ (१७%) जनाले सार्वजनिक स्थान, सार्वजनिक सवारी साधन, विवाह भोज आदिमा अज्ञात व्यक्तिबाट यौन दूर्व्यवहार भएको गुनासो गरेका थिए। त्यस्तै गरी १० (१५%) जनाले आफ्ना सहपाठी, साथीभाइ, साथीको साथी आदिबाट यौन दूर्व्यवहार भएको गुनासो गरेका थिए। त्यस्तै, १० (१५%) जनाले विद्यालयका कर्मचारी, शिक्षक, सुरक्षा गार्ड र गाडी चालकबाट यौन दूर्व्यवहार भएको गुनासो गरेका थिए तर ६ (८%) जनाले भने पीडकको बारेमा उल्लेखका थिएनन्।

प्रश्न नम्बर ३.३ मा तपाईंले शारीरिक वा अनलाइन कुन प्रकारको यौन उत्पीडनको सामना गर्नुभएको थियो भनी सोधिएको थियो। यौन हिंसा भोगेको बताउने बालिकाहरू मध्ये ४० (५७%) जनाले शारीरिक र अनलाइन दुवै प्रकारको उत्पीडनको सामना गरेको बताएका थिए। त्यस्तै गरी १४ (२०%) जनाले केवल शारीरिक यौन उत्पीडनको सामना गर्नुपरेको भनेका थिए भने ८ (११.५%) जनाले अनलाइन यौन हिंसा भोगेको उल्लेख गरेका थिए। तर अन्य ८ (११.५) जनाले भने केही उल्लेख गरेका थिएनन्।

प्रश्न नम्बर ३.४ मा तपाईंले कस्तो प्रकारको यौन हिंसा भोग्नु भयो भनेर सोधेका थियौं। हामीले बालबालिका सम्बन्धी ऐन, २०७५ (२०१८) ले उल्लेख गरेको सूचीको आधारमा यौन हिंसाका स्वरूपहरू सूचीबद्ध गरेका थियौं।

यौन हिंसा भोगेको बताउने ७० जना बालिकाहरू मध्ये ३९ (५६%) जनाले "यौन उद्देश्यले आफ्नो शरीरको संवेदनशील भाग छुने, चुम्बन गर्ने, समात्ने, अँगालो हाल्ने वा आफ्नो शरीर वा अर्को व्यक्तिको शरीरको संवेदनशील भाग छुने वा समात्ने वा बेहोस बनाउने – यौन अभिप्रायले प्रदर्शन गर्ने, वा यौन अङ्गहरू प्रदर्शन गर्न

लगाउने" जस्ता यौन उत्पीडनको सामना गरेको भनी टिक लगाएका थिए। त्यस्तै गरी, १८ (२६%) जनाले "अश्लील चित्र वा श्रव्यदृश्य वा यस्तै अन्य सामग्री देखाउने वा देखाउन लगाउने वा अश्लिल तथा यौनजन्य आचरण वा व्यवहार झल्कने अभिव्यक्ति वा हाउभाउ प्रदर्शन गर्ने वा बालअश्लिलता प्रदर्शन गर्ने वा गराउने" बताएका थिए।

त्यस्तै, १२ (१७%) जनाले "यौन सन्तुष्टिको उद्देश्यले उसलाई प्रयोग गर्ने, प्रलोभनमा पार्ने, जबरजस्ती गर्ने वा धम्की दिने" गरेको भनी बताएका थिए। त्यस्तै, ७ (१०%) जनाले "यौन सन्तुष्टिको उद्देश्यले प्रयोग गर्न वा प्रयोग गर्न लगाउने" भनी बताएका थिए। यद्यपि, १० (१४%) जना बालिकाहरूले उनीहरूले भोगेको यौन हिंसाका स्वरूप बारे केही पनि उल्लेख गरेका थिएनन्। (विस्तृत जानकारीको लागि अनुसूची १ हेर्नुहोस्)

प्रश्न नम्बर ३.५ मा तपाईंले पहिलो पटक यौन हिंसा भोग्दा कति वर्षको हुनुहुन्थ्यो भनी सोधेका थियौं। प्रश्नको जवाफमा १८ (२६%) जनाले उनीहरू १० वर्षभन्दा कम उमेरका थिए भनेका छन् भने ठूलो संख्याका बालिकाहरू अर्थात् ३० (४३%) जनाले भने उनीहरू यौन दूर्व्यवहार भोग्दा १० देखि १४ वर्षको उमेरका थिए भनी बताएका छन्। केवल ६ (९%) जना बालिकाहरूले उनीहरू १४ देखि १६ वर्षको उमेरका थिए भनी बताएका छन्। त्यस्तै गरी, ७ (१०%) जनाले उमेर याद नभएको बताएका थिए। त्यस्तै गरी, ९ (१२%) जनाले उमेर समूह उल्लेख गरेका थिएनन्। यो तथ्यांकले के देखाउँछ भने पीडकहरू साना बालिकाहरूलाई सजिलोसँग शिकार बनाउँछन्।

प्रश्न नम्बर ३.६ मा उनीहरूले कति पटक यौन दूर्व्यवहारको सामना गरेका छन् भनी सोधिएको प्रश्नमा २३ (३३%) जनाले एक पटक भनेका छन् भने २७ (३८%) जनाले एकदुई पटक भनेका छन्। त्यस्तै गरी, ७ (१०%) जनाले धेरै पटक भनेका छन् भने १३ (१९%) जनाले केही उल्लेख गरेका छैनन्। यो तथ्यांकले के देखाएको छ भने अधिकांश बालिकाहरू अर्थात् ४८% भन्दा बढी बालिकाहरूले दुई वा दुई भन्दा बढी पटक यौन हिंसा भोग्ने गरेका छन्। यस तथ्यांकले चिन्ताजनक अवस्थालाई औंल्याएको छ भने यसको रोकथामका लागि सहायता प्रणालीलाई चुस्तदुरुस्त पारी गुनासो गर्न प्रोत्साहित गर्दै सुरक्षित वातावरण निर्माणमा ध्यान दिन आवश्यक छ।

प्रश्न नम्बर ४.१ मा उनीहरूले भोगेको यौन दूर्व्यवहारको बारेमा गुनासो गरे कि गरेनन् भन्ने प्रश्नमा ३० (४३%) जनाले यसबारेमा आफ्ना साथीभाइ, काकी जस्ता आफन्तहरू लगायत आमाबाबु र शिक्षकहरूसँग गुनासो गरेको बताएका थिए। तर ४० (५७%) जनाले भने उनीहरू साना थिए वा पीडकबाट बदला लिने डरले डराएका थिए – वा आमाबाबुले उनीहरूलाई विश्वास गर्दैनन् भन्ने लागेर गुनासो नगरेको बताएका थिए। यौन हिंसा भागेको सबै पीडित बालिकाहरूले कानूनी कारबाहीको लागि पहल नगरेको बताएका थिए। यो तथ्यांकले नेपालमा यौन हिंसा र लिङ्गबीच गहिरो सम्बन्ध रहेको उजागर गरेको छ।

निम्न कथनहरूले बालिकाहरूको अनुभव र यसले उनीहरूको हितमा पार्ने महत्त्वपूर्ण प्रभावहरूको गुणात्मक अन्तर्दृष्टि प्रस्तुत गर्दछ :

> एकजना बालिका लेख्छिन्, "कसैले मलाई सहयोग गरेन, त्यसैले मैले मेरो घर र परिवार छोड्नु पऱ्यो।"
> अर्की बालिका लेख्छिन्, "उक्त घटनाका बारेमा मैले कसैलाई पनि भनेकी छैन किनभने म डराएकी छु। अरू मान्छेले मेरो बारेमा के सोच्छन ? मेरो कुमारीत्व छैन। त्यतिबेला म ९ वर्षकी थिएँ र अहिलेसम्म पनि यौन हिंसा भोगिरहेकी छु।"
> त्यस्तै गरी अर्की बालिका लेख्छिन्, "मानिसहरूले हामीलाई विश्वास गर्नेछन् वा शिक्षकहरूले कारबाही गर्नेछन् भन्ने कुरामा हामी निश्चिन्त हुन नसकेकोले म र मेरो साथी अहिलेसम्म पनि चुपचाप बसेका छौं।"
> त्यस्तै गरी अर्की बालिका लेख्छिन्, "उसले मलाई मार्ने र समाजमा बदनाम गर्ने धम्की दिएको छ।"

यी प्रतिक्रियाहरूले के देखाउँछ भने केही पीडितहरू आफूलाई यौन दूर्व्यवहार गर्नेहरूका विरुद्ध कानूनी कारबाही गर्न सहज महसुस गर्दैनन्। त्यस्तै गरी सडकमा, सार्वजनिक बसहरूमा, वा सामाजिक सञ्जालमा अपरिचित व्यक्तिहरूबाट हुने यौन हिंसाका घटनाहरूमा उनीहरू पीडकलाई चिन्दैनन्। तिनीहरूमध्ये केहीले यौन दूर्व्यवहार गर्नेहरूका विरुद्ध कारबाही गर्ने आफ्नो कानूनी अधिकार रहेको बारेमा

थाहा नभएको बताएका थिए। महत्त्वपूर्ण कुरा त अध्ययनका क्रममा अझ स्पष्ट भयो कि विद्यार्थीहरूले आफ्ना विद्यालयहरूमा यस्ता दूर्व्यवहारका घटनालाई सम्बोधन गर्न सहज र भरपर्दो गुनासो सुन्ने संयन्त्र छैन भन्ने महसुस गरेका छन्। यसबाहेक, केही विद्यार्थीहरूले मनोसामाजिक परामर्शको आवश्यकता रहेको बताएका थिए जुन अध्ययन गरिएका कुनै पनि विद्यालयमा उपलब्ध थिएन।

प्रश्न नम्बर ४.२ मा विद्यार्थीहरूलाई कोसँग गुनासो गरेका थियौ भनी सोधिएको थियो। गुनासो गरेको बताएका ३० जना विद्यार्थीहरूमध्ये १७ (५७%) जनाले अभिभावक र नजिकका आफन्तहरूसँग गुनासो गरेको बताएका थिए। र ६ (२०%) जनाले शिक्षकहरूसँग गुनासो गरेको दाबी गरे भने ५ (१६%) जनाले साथीभाइ, काकी र दिदीबहिनीहरूलाई भनेको बताएका थिए। तर २ (७%) जनाले कोसँग गुनासो गरे भनेर उल्लेख गरेनन्। यसले उनीहरूका आमाबाबु र नजिकका आफन्तहरूमाथिको विश्वासलाई प्रकाश पार्छ। त्यस्तै, उनीहरूमध्ये धैरैले आफ्ना आमाबाबु वा शिक्षकहरूसँग गुनासो गर्नु अघि आफ्ना साथीहरूलाई भन्ने गरेको देखिन्छ। यसले यस्ता उत्पीडन र हिंसा भोगेकाहरूका लागि अनौपचारिक सहायता सञ्जालहरू बनाउन साथीहरूको महत्त्वपूर्ण भूमिकालाई प्रकाश पारेको छ। उनीहरू विरुद्ध हुने यस्ता कार्यहरू अस्वीकार्य छन् र आफ्नो अधिकार र सुरक्षाको बारेमा जागरुक बनाएर साथी सहायता सञ्जालहरूलाई बलियो बनाउन सकिन्छ। यस्ता विषयमा प्रायः अनौपचारिक कुराकानी हुन्छन् तर थप औपचारिक अभिमुखीकरण कार्यक्रम र छलफलको आयोजना गरिएमा विद्यार्थीको एकअर्काप्रतिको समझ र क्षमतालाई प्रभावकारी रूपमा अझ सशक्त बढाउन सकिन्छ।

प्रश्न नम्बर ५ मा तपाईंले गर्नु भएको उजुरी उपर केही कारबाही भयो त भनि सोधिएको थियो। यसमा मिश्रित उत्तर पाइएको थियो किनभने केहिले समस्या समाधान भयो भनेका थिए भने केहिले उनीको कुरा अभिभावकले विश्वास नै गरेनन् भनेका थिए र केहिले केही पनि भएन भनेका थिए। (थप जानकारीको लागि अनुच्छेद १ हेर्नुहोस्)

प्रश्न नम्बर ७ मा के अझै पनि यौन हिंसा भोगिरहनु भएको छ भनि सोधिएको थियो। यौन हिंसा भोगेको दाबी गर्ने ७० जना बालिकाहरू मध्ये ६ (९%) जनाले अझै पनि यौन हिंसा भोगिरहेको बताएका थिए। तर धैरैजसो बालिकाहरू अर्थात्

४७ (६७%) जनाले हाल यौन हिंसा नभोगेको बताएका थिए। तर १७ (२४%) जना बालिकाहरूले भने केही प्रतिक्रिया दिएनन्। केही बालिकाहरूले हालसम्म पनि यौन हिंसा भोगिरहेको बताएकाले यौन हिंसा रोकथाम र सम्बोधन गर्न थप कामहरू गर्नुपर्ने देखिन्छ। यस समस्यालाई समाधान गर्न अझ बढी लक्षित हस्तक्षेपका कार्यक्रमहरू, तत्काल सहायता र कडा निती नियमहरूको आवश्यकता रहेको देखिन्छ।

प्रश्न नम्बर ८ मा उनीहरूलाई कुनै प्रकारको सहयोग चाहिन्छ कि भनेर सोधेका थियौं। उनीहरू मध्ये १ (१%) जना विद्यार्थीले चिकित्सा सहयोग चाहिएको बताएका थिए भने १४ (२०%) जनाले मनोसामाजिक परामर्श चाहिएको बताएका थिए। त्यस्तै गरी, २ (३%) जनाले अन्य प्रकारका सहयोग चाहिएको बताएका थिए भने ७ (१०%) जनाले कुनै पनि प्रकारको सहयोग नचाहिएको बताएका थिए। तर बहुसंख्यक बालिकाहरू अर्थात् ४६ (६६%) जनाले प्रश्नको जवाफ दिएनन्। जबकि उल्लेखनीय संख्यामा बालिकाहरूले मनोसामाजिक सहयोग खोजिरहेका छन् भने अधिकांश बालिकाहरूले कुनै प्रतिक्रिया नदिनुले उपलब्ध सहायताहरूका बारेमा राम्रोसँग जानकारी दिनु पर्ने र विश्वास निर्माणको वातावरण बनाउनु पर्ने देखिन्छ। यी समस्याहरूलाई सम्बोधन गर्न उपलब्ध सहायताहरू पहुँचयोग्य बनाइए मात्र पनि यी बालिकाहरूको आवश्यकतालाई केही हदसम्म भए पनि सम्बोधन गर्न सकिन्छ।

यौन हिंसा भोगेका ७० जना बालिकाहरूमध्ये, ५७% ले आफ्ना आमाबाबुलाई विशेष गरी आमा र काकीहरूलाई दूर्व्यवहार र हिंसाका बारेमा गुनासो गरेको बताएका थिए। गुनासो गरेपछि के भयो त भन्ने प्रश्नको जवाफमा केहिले त्यस्ता पीडकहरूको सामना गरे पछि उनीहरू डेरा छोडेर गए वा सचेत गराइए वा अब आइन्दा त्यस्तो नगर्ने भनी माफी माग्न लगाएर समस्याको समाधान गरियो भन्ने जवाफ दिएका थिए। यद्यपि, कुनै आधिकारिक उजुरी दर्ता नगरिएको भए पनि बालिकाहरूले समस्या समाधान भएको र त्यसपछि उनीहरूलाई कुनै खतरा नभएको महसुस गरेका थिए। उल्लेखनीय कुरा के छ भने, कुनै पनि बालिकाले यौन हिंसाको बारेमा आफ्ना बुबालाई जानकारी गराएको बताएनन्, न त उनीहरूको आमाले यो कुरा बुबालाई जानकारी दिएको थाहा पाएँ भनी बताएका थिए। यस तथ्यले के देखाउँछ भने नेपाली समाजमा रहेका लैङ्गिक सहजता र अनुकुलताले बालिकाहरूको गुनासो

गर्ने छनौटलाई प्रभाव पारेको देखाउँछ । यी गतिशीलताहरू बुझे मात्र व्यावहारिक र सांस्कृतिक रूपमा संवेदनशील बाल सुरक्षा नीतिहरू निर्माण गर्न सहयोग पुग्नेछ ।

यस सन्दर्भमा, लैङ्गिक सहजता र विश्वासले यौन हिंसा पीडितहरूलाई आफूले भोग्नु परेको आघातको अनुभवहरू सुनाउन हौसला प्रदान भन्ने देखिएको छ । विशेष गरी, यस्ता लैङ्गिक सहजता र विश्वासले गर्दा नै महिलाहरू यस्ता संवेदनशील मुद्दाहरूमा महिलाहरूसँग नै छलफल गर्न सहज महसुस गर्छन् । यस अध्ययनका दौरान पनि बालिकाहरू पुरुष सहजकर्ताको तुलनामा महिला सहजकर्तासँग सर्वेक्षणमा भाग लिन बढी सहज महसुस गरेका देखिन्थे । यौन उत्पीडन र हिंसा जस्ता विषयहरूमा छलफल गर्दा महिलाहरूसँग बढी सहज महसुस गर्ने हुनाले सहभागीहरूले प्रायः आफ्ना आमालाई विश्वास गर्ने गरेको बताएका थिए ।

प्रश्न नम्बर ९ मा के तपाईंले आफ्ना साथीहरूलाई यौन दूर्व्यवहार भएको देख्नुभएको छ भनेर सोधएकोमा १६ (२३%) जना बालिकाहरूले आफ्ना साथीहरूलाई यौन दूर्व्यवहार भएको देखेको दाबी गरेका थिए भने १३ (१९%) जनाले यस्ता घटनाहरू नदेखेको बताएका थिए । तर उत्तरदाताहरूको बहुमत अर्थात् ४१ (५८%) जनाले प्रश्नको जवाफ दिएनन् । तर अन्य सहभागी बालिकाहरूले आफूले यौन हिंसा नभोगे भए पनि आफ्नो साथीले यौन हिंसा भोगेको सुनेको तर आवश्यक सहायताको अभावमा कहि कतै उजुरबाजुर नगरेको बताएका थिए । अझ विशेष रूपमा, तिनीहरूमध्ये धेरैले "आफैले देखेको" र केहिले साथीले भनेको सुनेको भन्दै यौन हिंसाका प्रकार र परिस्थितिका बारेमा पनि लेखेका थिए ।

अघिल्ला अध्ययनहरूका अनुसार किशोरीहरूले आफ्ना आमा र काकीहरू सहित परिवारका अन्य सदस्यहरूलाई यस्ता घटनाका बारेमा सहजै बताउन सक्दैनथे । तर अहिले लैङ्गिक गतिशीलतामा परिवर्तन आउँदै गरेको देखिन्छ ।[१६] यस परिवर्तनले गर्दा नै बढी भन्दा बढी बालिकाहरू महिलाले नेतृत्व गरेको संयन्त्रमा यस्ता घटनाका बारेमा अलिक खुलेर बोल्ने गरेको देखिन्छ । आमाहरू र महिला

[१६] Tiwari et al (2022) 'Our mothers do not tell us: a qualitative study of adolescent girls' perspectives on sexual and reproductive health in rural Nepal', *Sexual and Reproductive Health Matters*, 29(2) (2021) 361.

सहजकर्ताहरूमाथिको विश्वासले अनौपचारिक सहायता प्रणालीको महत्त्व र उनीहरूले पीडितलाई दिन सक्ने अर्थपूर्ण सहायता उजागर गरेको छ।

यस अध्ययनले यौन दूर्व्यवहारका घटनालाई सम्बोधन गर्न अनौपचारिक व्यवस्थापन प्रक्रियाहरूको महत्त्वलाई जोड दिएको छ। यी प्रणालीहरूले कसरी काम गर्छन् र सहभागीहरूलाई कसरी प्रभावित पार्न सक्छन् भन्ने बुझेर मात्र हामी यौन हिंसा पीडित विद्यार्थीहरूको लागि अझ प्रभावकारी हुन सक्ने वैकल्पिक सहायता विधिहरूको पहिचान गर्न सक्छौं। विद्यार्थीहरूबाट प्राप्त तथ्यांक नेपाली समाज भित्रको वास्तविकता बुझ्न र उनीहरूको आवश्यकतासँग मिल्दोजुल्दो हस्तक्षेप प्रणाली बनाउन महत्त्वपूर्ण योगदान दिएको छ।

## ख. शिक्षकहरूको प्रतिक्रिया

शिक्षकहरूबाट विद्यालय भित्र गुनासो सम्बोधन प्रक्रियामा उनीहरूको भूमिका र गुनासोकर्तालाई आवश्यक सहयोग र स्रोतहरू प्रदान गर्न यी संयन्त्रहरूको प्रभावकारिताका बारेमा केन्द्रित रहेर तथ्यांक संकलन गरिएको थियो।

विद्यालयहरूमा गुनासो सुनुवाई प्रणालीको बारेमा अध्ययन गर्दा यो स्पष्ट भयो कि विद्यालयहरूमा गुनासो सुनुवाई प्रक्रिया न त सहज छ न त एकरूप नै।

तपाईंको विद्यालयमा दूर्व्यवहारका घटनाहरू रिपोर्ट गर्न गुनासो पेटिका छ कि छैन भनेर सोध्दा, सहभागी ३२ जना शिक्षकहरू मध्ये ८७% ले छ भन्ने जवाफ दिएका थिए भने बाँकी १३% ले यो प्रश्नको जवाफ नै दिएनन्। यद्यपि, विद्यालयहरूको परिसरको अवलोकन गर्दा केही विद्यालयहरूमा गुनासो पेटिका प्रशासन कार्यालयको अगाडि राखिएको पाइए पनि सार्वजनिक रूपमा पहुँच योग्य र सुरक्षित थिएनन्। केही विद्यालयहरूमा, शिक्षकहरूले गुनासो पेटिका भएको दाबी गरे पनि नभएको पाइयो र केही विद्यालयहरूमा गुनासो पेटिका बिग्रिएको र काम नलाग्ने अवस्थाको रहेको पाइएको थियो।

त्यस्तै गरी, प्राप्त गुनासो सुन्न समिति छ कि छैन ? यदि छ भने, कति सदस्यीय (पुरुष/महिला) समिति छ भनी सोधिएको प्रश्नमा ५६% ले समिति छ भन्ने दाबी गरेका थिए भने २८% ले छैन भनेका थिए। अन्य १०% शिक्षकहरूले विद्यालयमा त्यस्तो समिति भएको जानकारी नभएको बताएका थिए भने ६% शिक्षकहरूले प्रश्नको

जवाफ दिएनन् । यो तथ्यांकले नगरपालिकाका विद्यालयहरूमा नियमन गरिएको गुनासो सुन्ने प्रक्रियामा एकरूपता नभएको देखाउँछ । यसबाहेक, असुरक्षित गुनासो पेटिका र उचित गुनासो सुनुवाई प्रक्रियाको अभावले गर्दा विद्यार्थीहरू गुनासो गर्न चाहँदैनन् जसले गर्दा यी गुनासो सुनुवाई संयन्त्रहरूको प्रभावकारिता र दिगोपनको बारेमा आशंका उब्जाएको छ ।

त्यस्तै गरी, वर्षमा यौन दूर्व्यवहारका कति वटा गुनासोहरू प्राप्त हुन्छन् भनेर सोधिएको प्रश्नमा अधिकांश शिक्षकहरूले वर्षमा तीन चारवटासम्म गुनासो आउँछन् भन्ने जवाफ दिएका थिए भने १३ जना शिक्षकहरूले त्यस्तो कुनै गुनासो नआउने गरेको बताएका थिए । यति थोरै संख्यामा गुनासोहरू आउनुले शिक्षकहरूले औपचारिक र अनौपचारिक दुवै प्रकारका गुनासो संयन्त्र तयार पारी विद्यार्थीहरूलाई गुनासो गर्न प्रोत्साहित गर्न सक्छन भन्ने धारणालाई चुनौती दिएको छ । विद्यार्थीहरूलाई सहायता उपलब्ध गराउन सक्ने वैकल्पिक पक्षहरूका बारेमा विद्यालय नर्सहरूसँगको छलफलमा र यस भन्दा अघि आमाहरूको भूमिकामा विश्लेषण गरिसकिएको छ ।

त्यस्तै गरी, गुनासो सुन्ने प्रक्रियाका बारेमा सोध्दा ३२ जना शिक्षकहरू मध्ये ६१% शिक्षकहरूले अभिभावकलाई जानकारी गराउनु पहिलो प्रक्रिया भएको बताएका थिए। त्यस्तै गरी ९% शिक्षकहरूले यस्ता गुनासो आएमा प्रहरीलाई जानकारी गराउनु पर्ने सुझाव दिएका थिए भने अन्य ९% ले विद्यालय प्रशासनलाई जानकारी गराउनु पर्ने बताएका थिए । त्यस्तै गरी ३% ले सम्बन्धित पक्षहरूसँग कुरा गरेर समाधान गर्नुपर्ने बताए भने बाँकी १८% ले कुनै पनि प्रतिक्रिया दिएनन् ।

अभिभावकहरूलाई जानकारी गराउनु पर्नेमा देखिएको यस जोडले यी समुदायहरू भित्र परिवारको केन्द्रीय भूमिका र विद्यालय वातावरण भित्र पनि बालबालिकाको सुरक्षाको लागि अभिभावकीय जिम्मेवारीको महत्त्वलाई प्रकाश पार्छ । विद्यार्थीहरूले प्रायः आफ्ना आमालाई घटनाको रिपोर्ट गर्छन् र उनीहरूको सहयोग खोज्छन् भन्ने पहिलेको निष्कर्षसँग जोडेर हेर्दा यस तथ्यांकले अभिभावकहरूका लागि अभिमुखीकरण र सचेतना कार्यक्रमको आयोजना गर्नुपर्ने आवश्यकता रहेको देखाउँछ । यस्ता कार्यक्रमहरूले अभिभावकहरूलाई आफ्ना छोराछोरीहरूको अधिकार हनन् भएमा उनीहरूलाई आवश्यक सहयोग गर्न सक्षम बनाउँछ ।

## ग. विद्यालय नर्सहरूको प्रतिक्रिया

हाम्रा अध्ययन टोलीले केही विद्यालय नर्सहरूसँग पनि अनौपचारिक छलफल गरेर अन्तर्वार्ताहरू लिएका थिए। उनीहरूसँग विद्यालयमा नर्सिङ कर्मचारीको भूमिका, उनीहरूसमक्ष आउने यौन हिंसा वा शंकास्पद यौन उत्पीडनका घटनाहरूको संख्या, उनीहरूले त्यस्ता मुद्दाहरूलाई कसरी सम्बोधन गर्छन्, त्यस्ता मुद्दाहरूको मेडिको-लिगल दस्तावेजीकरण गर्छन् कि गर्दैनन, मनोसामाजिक परामर्शका लागि सिफारिस गर्छन् कि गर्दैनन् आदि बारेमा छलफल गरिएको थियो। तर छलफलका क्रममा उनीहरूलाई यौन दूर्व्यवहारका घटनाको मेडिको-लिगल दस्तावेजीकरण सम्बन्धी प्रशिक्षित नदिइएको र सर्वेक्षण गरिएका कुनै पनि विद्यालयमा मनोसामाजिक परामर्शकर्ता नभएको पाइएको थियो भने यौन हिंसा पीडित विद्यार्थीका लागि कुनै पनि औपचारिक सहायताको व्यवस्था नभएको पाइएको थियो।

सामुदायिक विद्यालयकी एकजना नर्सले एउटा उदाहरण दिइन कि एकदिन एउटी छात्रा बान्ता र वाकवाकी हुने समस्या लिएर उनी कहाँ आइन्। उनलाई यौन हिंसाको शंका लागेर केही अन्य छात्राहरूसँग पनि उनीहरूको स्वास्थ्य अवस्थका बारेमा सोध्दा केही छात्राहरूले आफूहरू यौन हिंसामा परेको बताएका थिए। तर ती विद्यालय नर्सले आफूले यौन हिंसा पीडितलाई उचित उपचार र आवश्यक मनोसामाजिक परामर्श दिनको लागि आवश्यक तालिम नपाएको दुखेसो व्यक्त गरिन्।

अर्की एकजना विद्यालय नर्सले एउटा उदाहरण दिंदै एउटा घटनामा एकजना छात्रालाई शारीरिक समस्या देखिए पछि अभिभावकलाई सम्पर्क गरेर तपाईंको बच्चालाई औषधी उपचार गर्नुपर्छ। त्यसको लागि सल्लाह गर्न आउनुहोस् भनेर फोन गर्दा अभिभावकले यस्तो वाकवाकी आउने उसलाई सामान्य हो, केही दिनमा आफै निको हुन्छ भनी बेवास्ता गरेको बताइन। अभिभावकले न त उनको शारीरिक रोगको मूल कारण बुझ्न चाँसो देखाए न त आफ्नो बच्चालाई उपचार गराउन नै चाहे बरु आफै ठिक हुन्छ भनेर बेवास्ता गरे। यस्ता व्यवहारले गर्दा बालबालिकाको पीडाको वास्तविक कारणको बेवास्ता हुन्छ भने भावनात्मक र मनोवैज्ञानिक सहयोगको लागि उनीहरूको व्यापक आवश्यकतालाई सम्बोधन गर्न सक्दैन।

ती विद्यालय नर्सले विद्यालय स्वास्थ्य कर्मचारीहरूलाई यस्ता परिस्थितिहरू सम्हाल्न र बालबालिकाहरूलाई आवश्यक सहयोग प्रदान गर्न अभिमुखीकरण

कार्यक्रमहरू, मेडिको-लिगल अभिलेखीकरण तालिम र मनोसामाजिक परामर्श तालिमहरू आवश्यक रहेको बताइन् । यद्यपि, सुरुमा यस अध्ययनका लागि विद्यालय नर्सहरूको अन्तर्वार्ता लिने सोंच नभए पनि यो स्पष्ट भयो कि विद्यालय नर्सहरू यौन हिंसा भोगेका बालबालिकाहरूलाई आवश्य परामर्श र सहयोग गर्न महत्त्वपूर्ण भूमिका खेल्न सक्छन् । विद्यालय नर्सहरू विशेष गरी महिला नै हुने भएकोले छात्राहरू अझ सहज महसुस गर्छन् ।

अन्य जिम्मेवारीहरूका अतिरिक्त यौन हिंसाको शारीरिक र भावनात्मक आघातहरूलाई सम्बोधन गर्न विद्यालय नर्सहरूको महत्त्वपूर्ण भूमिका रहेको हुन्छ । यस अध्ययनले चाहे त्यो बाल मनोसामाजिक परामर्शकर्ता, प्रशिक्षित नर्सिङ कर्मचारीहरू, वा अन्य निकायहरू मार्फत होस् विद्यालयहरूमा मनोसामाजिक परामर्शको अत्यन्त आवश्यकता रहेको देखिन्छ जसले गर्दा विद्यार्थीहरूले आफ्ना समस्याहरू निर्धक्क साथ भन्न सकून् र उनीहरूलाई आवश्यक हेरचाह प्राप्त गर्न सकून् भन्ने निष्कर्ष निकालेको छ ।

## घ. नगरपालिकाको प्रतिक्रिया

यस सर्वेक्षणको निष्कर्ष टोखा नगरपालिकाको उपमेयर र शिक्षा, युवा तथा खेलकुद शाखा, सामाजिक समावेशीकरण (महिला तथा बालबालिका) शाखा र स्वास्थ्य शाखाका कर्मचारीहरूका साथै सर्वेक्षण गरिएका विद्यालयका शिक्षकहरूसँग छलफल गरिएको थियो । नगरपालिकाका प्रतिनिधिहरूले विद्यालयहरूमा बाल सुरक्षा नीतिको आवश्यकता रहेको र उनीहरूले यसमा काम गर्ने बताएका थिए । उपमेयर मुरारी तामाङले नगरपालिकाले बालबालिका र उनीहरूको शिक्षा र सुरक्षामा बढी लगानी गरिरहेको बताएका थिए ।

## ङ. सर्वेक्षणमा विद्यार्थीको सहभागीता

यो अध्ययन विद्यार्थीहरूबाट प्राप्त जानकारीमा निर्भर छ भने उनीहरूलाई प्रश्नावलीमा सोधिएका सबै प्रश्नहरूको उत्तर दिनमात्र नभई अभिमुखीकरण सत्रहरूमा पनि सक्रिय सहभागीताका लागि प्रोत्साहित गरिएको थियो । विभिन्न विद्यालयहरूमा,

विद्यार्थीहरूलाई यी सत्रहरूबाट आफ्नो सिकाइ अनुसन्धान टोली र उनीहरूका साथीहरूसँग छलफल गर्न पनि भनिएको थियो।

यसका साथै, शिक्षकहरूले यी अभिमुखीकरण सत्रहरूले विद्यार्थीहरूको अधिकार र संरक्षणको बुझाइमा सकारात्मक प्रभाव पारेको बताएका थिए। एकजना शिक्षिकाले कानूनी साक्षरता नेपालले यस भन्दा पहिले लैङ्गिक हिंसा सम्बन्धी सञ्चालन गरेको अभिमुखीकरण कार्यक्रमका कारण विद्यार्थीहरू, विशेष गरी छात्राहरूलाई लिङ्गमा आधारित हिंसा र व्यापक लैङ्गिक असमानताबारे शिक्षित गर्न प्रभावकारी भएको बताउनु भएको थियो। यही अभिमुखीकरण कार्यक्रमले गर्दा यसमा सहभागी विद्यार्थीहरूलाई नगरपालिका-स्तरीय अन्तर-विद्यालय निबन्ध लेखन प्रतियोगितामा प्रथम स्थान हासिल गर्न सहयोग पुगेको बताउनु भएको थियो।

यी नतिजाहरूले कसरी प्रत्यक्ष सहभागीता, सान्दर्भिक जानकारीसम्म पहुँच र चुनौतीपूर्ण विषयहरू समाधानमा प्रत्यक्ष संलग्नताले विद्यार्थीहरूको ज्ञानलाई उल्लेखनीय रूपमा बढाउन सक्छ भनेर देखाएको छ। यो बढ्दो जागरुकताले उनीहरूलाई अर्थपूर्ण कुराकानीमा संलग्न हुन प्रोत्साहित गर्छ र लैङ्गिक हिंसा जस्ता संवेदनशील मुद्दाहरूलाई सम्बोधन गर्न सहजता प्रदान गर्छ। बालबालिका विरुद्ध हुने लैङ्गिक हिंसा र यौन हिंसा फरक विषयहरू हुन् तर उनीहरूको लैङ्गिक हिंसामा आफ्ना विचारहरू राख्ने क्षमताले धेरै बालिकाहरू र महिलाहरूले सामना गर्ने चुनौतीहरूको गहिरो बुझाइलाई प्रतिबिम्बित गर्दछ।

यी उदाहरणहरूले विद्यार्थीहरूमाझ सशक्तीकरणको बढ्दो भावनालाई प्रकाश पार्छ। उनीहरू यस्ता सामाजिक रूपमा वर्जित र बैयक्तिक विषयहरूमा छलफल गर्न र लेख्न सहज महसुस गर्छन् भने उनीहरूको सहभागीताले यौन उत्पीडन वा हिंसा भोगेका साथीहरूको पक्षमा वकालत गर्न प्रेरित गर्ने र आत्मविश्वास बढाइदिन सक्छन्। यी सत्रहरूमा उनीहरूको सक्रिय सहभागीता र संलग्नताले के देखाउँछ भने उनीहरूको सहभागीताले परिवर्तनका लागि महत्त्वपूर्ण भूमिका निभाउन सक्छ।

सर्वेक्षणबाट बालबालिकाहरू मुख्यतया अनौपचारिक रिपोर्टिङ संयन्त्रहरूमा निर्भर रहेको देखाउँछ भने उनीहरूको आफ्ना साथीलाई आवश्यक सहयोग गर्न सक्ने क्षमता र विद्यमान संयन्त्रबीच गहिरो खाडल देखिन्छ। अर्को अध्यायले यी

निष्कर्षहरूमाथि गहन रूपमा छलफल गर्दै रिपोर्टिङ संयन्त्रको सुधार र प्रभावकारिता बढाउन सम्भावित उपायहरूको रूपरेखा प्रस्तुत गरेको छ ।

नगरपालिकाका कर्मचारीहरू, शिक्षकहरू र विद्यालय नर्सहरूसँग गरिएको अनौपचारिक छलफलले के देखाउँछ भने विद्यमान गुनासो सुनुवाई प्रक्रियामा व्यापक कमजोरीहरू रहेको देखिन्छ भने विद्यालयहरूमा बाल सुरक्षा नीतिको तत्काल आवश्यकता रहेको देखिएको छ । यी संयन्त्रहरू कमजोर हुनु वा संयन्त्र नै नहुनुले विद्यालयहरू आफ्नो दायित्वबाट विमुख भएको मात्र नभई तत्काल सहायताको आवश्यकता भएका विद्यार्थीहरूलाई सहयोग उपलब्ध गराउन चुक्नु पनि हो । गुनासो गर्ने वैकल्पिक विधिहरू र सहज पहुँचका रणनीतिहरूले मद्दत चाहिने विद्यार्थीहरूलाई अझ प्रभावकारी रूपमा सहायता प्रदान गर्न सक्छन् ।

अध्याय ४

# शक्ति र नियन्त्रणको सामञ्जस्यता : दण्डसजायदेखि यौन उत्पीडनसम्म

## ४.१ शारीरिक दण्डसजाय र यौन उत्पीडन

शारीरिक दण्डसजाय र यौन उत्पीडनबीचको सम्बन्धलाई बुझ्न कसरी दण्डसजायको परम्परामा अभ्यस्त सामाजिक वातावरणले अन्य प्रकारका हिंसाका लागि उत्प्रेरित गरेको हुन्छ भन्ने बुझ्नु पर्दछ। यस सम्बन्धमा युगाण्डामा गरिएको एक अध्ययनले शारीरिक दण्डसजाय, यौन हिंसा, र अधिकार सम्पन्न व्यक्तित्वबीचको सहसम्बन्धलाई उजागर गरेको छ।[१७] विश्वव्यापी रूपमा लागू नभए पनि यस अध्ययनले विद्यालयहरू भित्र हुने संस्थागत र संरचनात्मक असमानताले गर्दा विद्यार्थीहरूमाथि हुने हिंसालाई झनै बढाएको हुन्छ भनी निष्कर्ष निकालेको छ।

युगाण्डाको अध्ययनका क्रममा सर्वेक्षण गरिएका विद्यालयहरूमा शारीरिक दण्डसजायका रूपमा यौन हिंसा हुने गरेको देखाएको छ भने यसले शारीरिक दण्डसजाय र यौन हिंसा बीच झिनो अन्तर रहेको प्रमाणित गरेको छ।[१८] यसले के देखाउँछ भने हिंसालाई सजिलै वर्गीकृत गर्न सकिंदैन किनभने एक प्रकारका

---

[१७] Ellen Turner, Jenny Parkes , Shakilah N. Nagasha, Dipak Naker, Janet Nakuti, Sophie Namy, and Karen Devries, *Sexual Violence Through Corporal Punishment: Rethinking Siloes in School Violence Prevention Using Feminist Theory and Data from Uganda*. SSM. Qualitative Research in Health. 5100413 (2024).

[१८] Ibid.

हिंसा प्रायः अर्को प्रकारका हिंसासँग जोडिएर आउँछ वा अर्को प्रकारका हिंसालाई निम्त्याउँछ । तसर्थ, यस्ता हिंसाहरूलाई सम्बोधन गर्न यी जटिलताहरूलाई पनि समेट्न सक्ने समग्र दृष्टिकोणको आवश्यकता पर्छ ।

विद्यमान अध्ययनहरूले शारीरिक दण्डसजाय र यौन हिंसा जस्ता हिंसाका विभिन्न स्वरूपहरूको छुट्टछुट्टै उपचारले समग्र र प्रभावकारी उपचार प्रदान गर्न सक्दैन भन्ने दृष्टिकोणलाई जोड दिएको छ ।[१९] यसको सट्टा, यी मुद्दाहरूको अन्तरसम्बन्धको प्रकृतिलाई पहिचान गरी त्यसमा अन्तर्निहित कारणहरू बुझ्न र तिनीहरूलाई व्यापक रूपमा सम्बोधन गर्ने रणनीतिहरू बनाउनु आवश्यक हुन्छ ।

## ४.२. बालबालिकामाथि हुने हिंसाको अन्तरसम्बन्धी प्रवृति

### क. तथ्यांकबाट प्राप्त सन्देश : विद्यालयका कर्मचारीबाट हिंसा

संकलित तथ्यांकले विद्यालयहरूमा उत्पीडनको चिन्ताजनक अवस्थालाई उजागर गरेको छ । यौन हिंसा भोगेको बताउने ७० जना बालिकाहरू मध्ये करिब १५ प्रतिशतले विद्यालयका कर्मचारी वा विद्यालयसँग सम्बन्धित व्यक्तिहरूबाट यौन हिंसा भएको भनी बताएका थिए । यो तथ्यांकले शैक्षिक क्षेत्रमा अधिकार प्राप्त व्यक्तिबाट नै बालबालिकामाथि यौन हिंसा हुनुले उनीहरूको भूमिकाको बारेमा गम्भीर प्रश्नहरू उठाएको छ ।

कानूनी साक्षरता–नेपालले गरेको अध्ययनमा ८८% विद्यार्थीहरूले शारीरिक दण्डसजाय पाउने गरेको पाइएबाट यो विषय निकै जटिल छ भन्ने देखाउँछ ।[२०] यद्यपि, यो अध्ययन स्पष्ट रूपमा यौन हिंसा र शारीरिक दण्डसजायबीचको अन्तरसम्बन्धमा केन्द्रित छैन तर प्राप्त तथ्यांकले यस विषयमा पनि गहन अध्ययनको खाँचो रहेको औंल्याएको छ ।

[१९] David Finkelhor, Richard K. Ormrod, and Heather A. Turner, ‘Poly-victimization: A Neglected Component in Child Victimization’ *Child Abuse & Neglect*, vol. 31, no. 1 (2007)7–26।

[२०] https://lln.org.np/storage/files/sDaR60aDV3YVxaf4f6FZT1XoeNBjydMPBKpBbNuD.pdf

विद्यालयका कर्मचारीहरूबाट यौन हिंसा भएको बताउने अधिकांश विद्यार्थीहरू कक्षा १० मा अध्ययनरत छात्राहरू थिए र उनीहरूमाथि पुरुष कर्मचारीहरूबाट हिंसा भएको थियो । यस लैङ्गिक हिंसाले विद्यालय भित्रको प्रणालीगत समस्यालाई उजागर गरेको छ भने शक्ति असन्तुलन र सांस्कृतिक प्रचलनले हिंसा र मौनतालाई प्रोत्साहित गरेको पाइन्छ ।

## ख. उजुरी र अवरोधहरू

विद्यालयका कर्मचारीहरूबाट हिंसा भोगेका मध्ये ५८% विद्यार्थीहरूले उक्त घटनाका बारेमा आमाबाबु, प्रधानाध्यापक, विद्यालय व्यवस्थापन समिति वा साथीहरूलाई भनेको बताएका थिए। उजुरीको तथ्यांक हेर्दा केही उत्साहजनक देखिए पनि न्याय वा पर्याप्त सहायता प्राप्त गर्न धेरै अवरोधहरूको सामना गर्नुपर्ने अवस्थालाई पनि उजागर गरेको छ । विशेष गरी अधिकार सम्पन्न व्यक्तिहरू संलग्न घटनामा औपचारिक संयन्त्रमा उजुरी गर्न विद्यार्थीहरूले अनिच्छा देखाएबाट संस्थागत संयन्त्रहरू प्रति विश्वासको कमी रहेको तथ्य उजागर गरेको छ ।

शारीरिक दण्डसजाय र यौन हिंसाबीचको अन्तरसम्बन्धले विद्यार्थीहरूको गुनासो गर्ने आत्मबललाई निरुत्साहित बनाउँछ । विद्यालयहरूमा दण्डसजायको प्रथा सामान्य रूपमा प्रचलित भएमा प्रतिशोधको शिकार बनिने डरले धेरै पीडितहरू उजुरी गर्न डराउने अवस्था हुन्छ। यसबाहेक, लैङ्गिक हिंसासँग सम्बन्धित सामाजिक कलंकको डरले विद्यार्थीहरू त्यसमा पनि बालिकाहरूलाई अगाडि आउनबबाट अझ निरुत्साहित गर्छ।

## ग. शारीरिक दण्डसजाय र यौन हिंसाबीचको अन्तरसम्बन्ध

यस तथ्यांकले शारीरिक दण्डसजाय र यौन हिंसा बीचको सम्भावित अन्तरसम्बन्धमा थप लक्षित अनुसन्धानको आवश्यकतालाई जोड दिएको छ। उदाहरणका लागि, के यौनजन्य शारीरिक दण्डसजाय विद्यालयहरूमा लुकेको तर व्यापक मुद्दा हो ? शारीरिक दण्डसजायको सामान्यीकरणले कसरी अन्य प्रकारका हिंसालाई पनि प्रोत्साहित गर्ने संस्कृति सिर्जना गर्न सक्छ ?

यी प्रश्नहरूको उत्तर खोज्न विद्यार्थीहरूको जीवन अनुभवहरूको बारेमा गुणात्मक र मात्रात्मक तथ्यांक संकलन गर्न आवश्यक छ। यस्तो अनुसन्धानले विद्यालयहरूले हिंसाका यी अन्तरसम्बन्धित पक्षहरूलाई सम्बोधन गरेर विद्यार्थीहरूको लागि कसरी सुरक्षित र थप सहयोगी वातावरण सिर्जना गर्न सकिन्छ भन्ने बारे अन्तर्दृष्टि पनि प्रदान गर्नेछ।

## ४.३ प्रभावकारी हस्तक्षेपका उपायहरू

विद्यालयमा हुने हिंसालाई सम्बोधन गर्न समाजमा प्रचलित नराम्रा प्रचलनहरू र हिंसालाई प्रोत्साहित गर्ने अन्तर्निहित संरचनात्मक र सांस्कृतिक कारक तत्त्वहरू दुवैलाई सम्बोधन गर्न सक्ने बहुआयामिक दृष्टिकोण आवश्यक पर्छ। अध्ययनको निष्कर्षले शारीरिक दण्डसजाय दिने प्रचलनलाई निरुत्साहित गर्न जरुरी छ भने यौन दूर्व्यवहारका घटनामा दण्डहिनतालाई प्रश्रय दिने प्रणालीगत त्रुटिलाई एकैसाथ सम्बोधन गरिनु पर्छ भन्ने देखाएको छ। तल यस मुद्दालाई प्रभावकारी रूपमा सम्बोधन गर्न केही प्रमुख रणनीतिहरूको बारेमा चर्चा गरिएको छ :

### क. बाल सुरक्षा नीतिको सुदृढीकरण

विद्यालयहरूमा बालबालिकाहरूमाथि हुने सबै प्रकारका हिंसा अन्त्यका लागि बलियो बाल सुरक्षा नीति बनाई लागू गरिनु पर्छ। यी नीतिहरूले स्पष्ट परिभाषा र शून्य सहनशीलताको मूल मन्त्रका साथ सबै प्रकारका शारीरिक दण्डसजाय र यौन हिंसालाई स्पष्ट रूपमा निषेध गर्नुपर्दछ। त्यसका लागि केही विशिष्ट उपायहरू यी हुन सक्छन :

- प्रतिशोधको डर बिना सबै प्रकारका हिंसा विरुद्ध विद्यार्थीहरू र कर्मचारीहरूले गोप्य रूपमा रिपोर्ट गर्न सक्ने गरी एउटा उच्च कोटीको गुनासो सुनुवाई संयन्त्रको स्थापना गरिनु पर्छ।

- कुनै पनि प्रकारको हिंसा भएको देख्ने वा शङ्कास्पद घटना थाहा पाउने विद्यालयका कर्मचारीले अनिवार्य रूपमा रिपोर्टिंग गर्नुपर्ने र त्यसको लागि स्पष्ट दिशानिर्देश सहितको व्यवस्था गरिनु पर्छ ।
- बालबालिकाको सुरक्षा, गरिमा र स्वायत्ततामा जोड दिँदै विद्यार्थी-केन्द्रित दृष्टिकोणहरू समावेश गरी नीतिगत ढाँचाहरू तयार पारिनु पर्छ ।

### ख. विद्यार्थीहरूलाई बालअधिकारको ज्ञान सहित सशक्तीकरण

बालबालिकाहरूलाई हिंसाको पहिचान गर्न र प्रतिवाद गर्न सशक्त बनाउन शिक्षा नै एक महत्त्वपूर्ण हतियार हो । बृहत् सचेतना कार्यक्रमहरूमा निम्न पक्षहरू समावेश गरिनु पर्छ :

- विद्यार्थीहरूलाई सुरक्षित र सहयोगी शैक्षिक वातावरणको अधिकार लगायतका अधिकारको बारेमा सिकाउने ।
- दूर्व्यवहारको रिपोर्ट कहाँ, कसरी गर्ने र त्यसका लागि उपलब्ध सहयोगहरू जस्तै परामर्शदाताहरू, बाल संरक्षण एजेन्सीहरू, वा हेल्पलाइनहरूको बारेमा जानकारी दिने ।
- साथी शिक्षालाई बढावा दिने जहाँ उनीहरूको समुदायमा हुने दूर्व्यवहारलाई सम्बोधन गर्न ज्ञान र रणनीतिहरूका बारेमा छलफल गर्न सक्छन ।
- विद्यार्थी सहभागीतालाई प्रोत्साहित गर्नाले दूर्व्यवहारको सामना गर्न उनीहरूको आत्मविश्वास बढाउने मात्र नभई खुलापन र पारस्परिक सहयोगको संस्कृतिलाई पनि बढावा दिन्छ ।

### ग. शिक्षक तथा कर्मचारीलाई तालिम

शिक्षक तथा विद्यालयका कर्मचारीहरूले विद्यालयको वातावरणलाई बालबालिका मैत्री बनाउन महत्त्वपूर्ण भूमिका खेल्न सक्छन् । उनीहरूलाई आवश्यक प्रशिक्षण दिने

हो भने उनीहरू शारीरिक दण्डसजाय र यौन उत्पीडनका घटनाहरूको पहिचान गर्न र रिपोर्ट गर्न सक्छन् । निम्न पक्षहरू प्रशिक्षण कार्यक्रमहरूमा समावेश गरिनु पर्दछ :

- विद्यार्थीहरूमा शारीरिक दण्डसजाय र यौन हिंसाको मनोवैज्ञानिक तथा शारीरिक असरहरूको बारेमा जागरुकता बढाउने ।
- पारस्परिक सम्मान र विश्वासलाई बढावा दिन सकारात्मक, दण्डरहित अनुशासनका अभ्यासलाई प्रोत्सहित गर्ने ।
- हिंसा पीडित बालबालिकाको हितलाई ध्यानमा राखी आघात-सूचित दृष्टिकोण अपनाएर कसरी सहयोग उपलब्ध गराउने भन्ने बारे स्पष्ट मार्गदर्शन दिने ।
- यी सीपहरूले सुसज्जित शिक्षक तथा कर्मचारीलाई विद्यालयमा दण्डात्मक शिक्षण विधीलाई निरुत्साहित गरी सिक्न र विकासको लागि अनुकूल वातावरणको सिर्जना गर्ने ।

**अ. स्वतन्त्र निरीक्षण निकायको स्थापना**

विद्यालयहरूले हिंसाका उजुरीहरूलाई सम्बोधन गर्ने क्रममा जवाफदेहीता र पारदर्शिता सुनिश्चित गर्न स्वतन्त्र निरीक्षण निकायको स्थापना गर्नु आवश्यक छ । यस निकायले :

- दूर्व्यवहारका आरोपहरूको निष्पक्ष छानबिन गरी अपराधीलाई जवाफदेही बनाउने अवस्थाको सुनिश्चित गर्नुपर्छ ।
- बाल सुरक्षा नीतिहरूको कार्यान्वयनको अनुगमन गर्ने र जहाँ आवश्यक छ त्यहाँ सुधारको लागि सिफारिस गर्ने ।
- विद्यार्थीहरू, अभिभावकहरू र समुदायबीच विश्वास बढाउन विद्यालयमा बाल संरक्षणको अवस्थाको बारेमा नियमित लेखापरीक्षण गरी प्रतिवेदनहरू सार्वजनिक गर्ने ।

## आ. विद्यालय सुरक्षाको लागि समग्र दृष्टिकोण

एउटा व्यापक र एकीकृत दृष्टिकोण सहितको निरिक्षण प्रणालीको स्थापनाले मात्रै विद्यालयलाई विद्यार्थीहरूले सुरक्षित, सम्मानित र सशक्त स्थलको रूपमा महसुस गर्न सक्नेछन्। पीडितहरूलाई तत्काल सहयोग उपलब्ध गराउँदै प्रभावकारी सहयोग संयन्त्रको स्थापनासगै रचनात्मक रोकथामका उपायहरू अपनाइएमा हिंसाको मूल कारणहरूलाई सम्बोधन गर्न सकिन्छ।

यसका साथै, विद्यालयहरूले बालबालिकाको आवाज र अनुभवलाई महत्त्व दिने विद्यार्थी-केन्द्रित दृष्टिकोण अपनाउनु पर्छ। विश्वास, पारदर्शिता र जवाफदेहिताको वातावरणलाई बढावा दिएर मात्र विद्यालयहरू शान्ति क्षेत्र बन्न सक्छन् जहाँ बालबालिकाहरू हिंसा र दूर्व्यवहारको छायाँबाट मुक्त भएर फस्टाउन सक्नेछन्।

अध्याय ५

# अनुसन्धानका निष्कर्षहरू

यस अध्यायमा बाल सुरक्षाको क्षेत्रमा यस अध्ययनको निष्कर्ष र तिनको प्रभावहरूका बारेमा चर्चा गरिएको छ। यसले यौन उत्पीडन र हिंसा भोगेका र त्यसको गुनासो गरेका विद्यार्थीहरूको सहजताका लागि औपचारिक र अनौपचारिक दुवै सहायता प्रणालीलाई मजबुत बनाउनु पर्नेमा जोड दिएको छ। निष्कर्षहरूले गुनासो सुनुवाई संयन्त्र र पर्याप्त सहायताको उपलब्धता वा अभावबीच सीधा सम्बन्ध हुनेमा जोड दिंदै हाल विद्यालयहरूमा प्रचलित गुनासो सुनुवाई प्रणालीमा एक महत्त्वपूर्ण कमजोरी रहेको देखाएको छ। यस अध्ययन निष्कर्षले विशेष गरी ग्लोबल साउथमा बाल सुरक्षा अभ्यासहरूका लागि अझ समावेशी र समय सान्दर्भिक नीतिहरू बनाउन मद्दत पुग्ने छ भनी विश्वास लिएको छ।

## ५.१. अनौपचारिक सहायता प्रणालीको महत्त्व

अनुसन्धानले अनौपचारिक सहायता प्रणालीहरू, जस्तै परिवारका सदस्यहरू वा साथीहरूले बालबालिकाहरूलाई दूर्व्यवहारको रिपोर्ट गर्न प्रोत्साहित गर्न महत्त्वपूर्ण भूमिका खेल्न सक्छन भन्ने कुरा प्रकाश पारेको छ। प्रभावकारी सहायता सञ्जाल निर्माण गर्नका लागि यी अनौपचारिक सहायता प्रणालीले औपचारिक सहायता संयन्त्रसँग मिलेर काम गर्नुपर्दछ। औपचारिक प्रणालीले अक्सर प्रक्रियागत शुद्धतामा जोड दिने हुनाले कहिलेकाहीं यौन उत्पीडन जस्ता संवेदनशील मुद्दाहरूको रिपोर्ट गर्दा बालबालिकाहरू, विशेष गरी बालिकाहरूलाई तत्काल चाहिने सहानुभूति र आवश्यक सहयोगसम्म पहुँचको कमी हुन सक्छ। त्यसैले अनौपचारिक सहायता

च्यानललाई सुदृढ बनाइएमा यसले त्यो समस्यालाई समाधान गर्न सहयोग गर्नेछ भने पीडितका लागि पनि गुनासो प्रक्रिया कम झन्झटिलो र खतरामुक्त बन्न सक्छ। यसका लागि केही मुख्य रणनीतहिरू यी हुन सक्छन :

- आमा र छोरीहरूको सशक्तीकरण : तथ्यांकले देखाउँदछ कि बालिकाहरू पुरुष कर्मचारी भएको औपचारिक प्रणालीमा गुनासो गर्नुभन्दा आफ्नी आमासँग गुनासो गर्न सहज मान्छन्। परिवारभित्र खुला संवादलाई बढावा दिने कार्यक्रमहरूले यी सम्बन्धहरूलाई अझ बलियो बनाउन सक्छ।
- साथी सहायता पहलहरू : साथी-साथीबीचमा हुने संवादलाई प्रोत्साहित गर्नाले एक सहयोगी वातावरण निर्माण गर्न सक्छ जहाँ विद्यार्थीहरूले आफ्ना समस्याहरू सुनाउन पाउँछन् र कम एक्लो महसुस गर्छन्।

## ५.२. औपचारिक प्रणालीमा लैङ्गिक आयाम

यस अध्ययनको निष्कर्षले लैंगिक अपेक्षा र सामाजिक प्रचलनले विद्यार्थीहरूको दूर्व्यवहारको रिपोर्ट गर्ने इच्छालाई कसरी प्रभावित पारेको हुन्छ भनेर देखाएको छ। शिक्षामा बालिकाहरूको पहुँचमा प्रगति भए पनि प्रचलित लैङ्गिक असमानताले गर्दा शैक्षिक प्रगतिमा उनीहरूलाई असर गरिरहेको छ।

### क. औपचारिक प्रणालीमा लैङ्गिक विभेद

अधिकांश औपचारिक गुनासो संयन्त्रहरू पुरुष-प्रधान छन्, जुन सर्वेक्षण गरिएका विद्यालयहरूमा पुरुष प्रधानाध्यापकहरूको उच्च संख्या भएबाट प्रमाणित हुन्छ। यस असन्तुलनले बालिकाहरूलाई विशेष गरी पुरुष अधिकारीहरू संलग्न उत्पीडनका घटनामा सहायता माग्नबाट निरुत्सहित गर्न सक्छ।

### ख. सांस्कृतिक तथा सामाजिक मान्यताहरू

दूर्व्यवहारको रिपोर्ट गर्ने बालिकाहरू आफ्नो समुदायभित्र कलंकित वा बहिष्कृत हुने खतरा हुन्छ, जसले उनीहरूलाई अगाडि आउनबाट थप निरुत्साहित गर्छ । त्यसैले परिवारमा आधारित रिपोर्टिङ जस्ता अनौपचारिक च्यानलहरूको सुदृढीकरणले विद्यमान सामाजिक संरचनाहरूसँग मेलखाने गरी सांस्कृतिक रूपमा संवेदनशील समाधानका उपायहरू दिन सक्छन् ।

### ग. महिला कर्मचारीहरूको सशक्तीकरण

अनौपचारिक र औपचारिक गुनासो प्रणालीबीचको खाडल कम गर्न महिला नर्सिङ स्टाफले महत्त्वपूर्ण भूमिका निर्वाह गर्न सक्छन् । यी कर्मचारीहरूलाई प्रशिक्षण कार्यक्रमहरू दिइएमा अझ प्रभावकारी रूपमा बालबालिकाहरूको हकहितका लागि सहायता र वकालत गर्न सक्छन ।

## ५.३ शैक्षिक कार्यक्रमहरू बढाउने

शिक्षा विद्यार्थीहरूमा दूर्व्यवहारका घटनाहरूको रिपोर्ट गर्न जागरुकता र आत्मविश्वास बढाउनको लागि एक शक्तिशाली औजार हो । विद्यार्थी र उनीहरूका परिवार दुवै पक्षलाई समावेश गरी अभिमुखीकरण कार्यक्रमहरू चलाइएमा यस्ता मुद्दाहरूलाई सम्बोधन गर्न सहयोगी वातावरण निर्माण गर्न सक्दछन् ।

### क. आमा-छोरी कार्यशालाहरू

आमा र छोरीहरूको लागि संयुक्त शैक्षिक सत्रहरूको आयोजना गरिएमा एकअर्काबीच विश्वास बढाउन र संवादमा सुधार गर्न सक्छ, जसले बालिकाहरूलाई उनीहरूको अनुभवहरू सुनाउन अझ सहज महसुस गराउँछ ।

### ख. विद्यार्थी-केन्द्रित जागरुकता अभियान

अभियानहरूले विद्यार्थीहरूको अधिकार, उनीहरूलाई उपलब्ध स्रोतहरू र दूर्व्यवहारविरुद्ध बोल्नुको महत्त्वमा जोड दिनुपर्छ । सशक्तीकरण र उपलब्ध संयन्त्रहरूका बारेमा जानकारी दिएमा गुनासोसँग सम्बन्धित डरत्रास हटाउन मद्दत गर्न सक्छ ।

## ५.४ सुरक्षा अभ्यासहरूको स्थानीयकरण

यस अध्ययनले नेपालजस्तो ग्लोबल साउथको देशहरूले कसरी बाल सुरक्षा अभ्यासमा बहुमूल्य अन्तरदृष्टि प्रदान गर्न सक्छ भन्ने देखाएको छ । अनौपचारिक सहायता प्रणाली र सांस्कृतिक रूपमा प्रचलित समाधानका उपायहरूले प्रायः अन्तर्राष्ट्रिय ढाँचाहरूले प्रोत्साहित गर्ने One-Size-Fits-All भन्ने जस्ता अवधारणलाई चुनौती दिएको छ ।

### क. स्थानीय आवाजहरू समावेश

नीतिहरूले बालबालिकाहरूको जीवन्त अनुभवहरू, विशेष गरी सहायता प्रणाली र गुनासो सुन्ने संयन्त्र सम्बन्धी उनीहरूको प्राथमिकतालाई आत्मसात गरेको हुनुपर्छ । उनीहरूका सुझाव सुन्ने र कार्यान्वयन गर्ने हो भने मात्र सुरक्षा अभ्यासहरू वास्तविक्तामा आधारित हुनेछन् ।

### ख. सहायता सञ्जालको विकेन्द्रीकरण

समुदायमा आधारित पहलहरू र अनौपचारिक सञ्जालहरूको सुदृढीकरणले एक विकेन्द्रीकृत संयन्त्रको निर्माण गर्छ जुन औपचारिक प्रणालीको पूरकको रूपमा काम गर्न सक्छ र यसले असहाय बालबालिकालाई तत्काल सहायता उपलब्ध गराउन सक्छ ।

## ५.५ रिपोर्टिङका बाधा व्यवधानहरू हटाउने

डर-त्रास, अविश्वास र बढ्दो जोखिमका कारणले पीडितहरू औपचारिक रिपोर्टिङ प्रणालीहरू प्रयोग गर्न हिचकिचाउने हुन सक्छ। त्यसैले यी अवरोधहरूलाई सम्बोधन गर्न प्रणालीगत परिवर्तनहरू आवश्यक पर्दछ जस्तै :

### क. पारदर्शिता र जवाफदेहितामा सुधार

स्वतन्त्र निरीक्षण निकायहरूले निष्पक्षता र निष्ठाका साथ उजुरीहरूको सुनुवाई गरेर विद्यार्थीहरू र उनीहरूका परिवारहरूबीच विश्वास निर्माण गर्न सक्दछन्।

### ख. सुरक्षित स्थानहरू उपलब्ध गराउने

विद्यालय भित्र प्रशिक्षित महिला कर्मचारीहरू भएको सुरक्षित केन्द्रको स्थापना गरिएमा विद्यार्थीहरूलाई उनीहरूको अनुभवहरू सुनाउन सुरक्षित वातावरण प्रदान गर्न सक्छ।

## ५.६ प्रतिरोध र सशक्तीकरण

वेन्डी हार्कोर्टको "प्रतिरोधको अवधारणा" अनुसार दैनिक रूपमा अभ्यास गरिएमा प्रतिरोध क्षमता बढ्छ जुन विद्यालय नर्सहरूको भूमिकालाई सुहाउँछ। विद्यार्थीहरूलाई साना साना समस्याहरूमा निरन्तर सहयोग गरेर यी स्टाफहरूले प्रणालीगत हिंसाको विरुद्ध आवाज उठाउन उत्प्रेरित गर्न सक्छन्।

### क. मान्यताहरूको पुनः परिभाषा

लिंग र यौनिकतासम्बन्धी सामाजिक मान्यताहरू प्रायः शारीरिक बनौटको आधारमा निर्धारण गरिएका हुन्छन्। दैनिक अन्तरक्रिया र वकालतको माध्यमबाट यी मापदण्डहरूलाई चुनौती दिएर नर्सिङ स्टाफहरूले विद्यार्थीहरूलाई दमनकारी प्रणालीहरूको प्रतिरोध गर्न सशक्त बनाउन सक्छन्।

### ख. प्रोत्साहन संयन्त्र

विद्यार्थीहरूलाई उनीहरूको सरोकार र अनुभवहरू खुला रूपमा राख्ने ठाउँ प्रदान गर्नाले उनीहरूलाई हौसला मिल्ने र उनीहरूको जिवनमा घटेको हिंसाको सामान्यीकरण विरुद्ध आवाज उठाउन सक्षम हुनेछन् ।

समग्रमा, यस अध्ययनको निष्कर्ष बुझ्न र सम्बोधन गर्न लैङ्गिक भिन्नता नै प्रमुख विषय हो । सुरक्षित विद्यालय वातावरण सिर्जना गर्न, लैंगिक-संवेदनशील र सांस्कृतिक रूपमा सान्दर्भिक हस्तक्षेपहरू विकास गर्नु महत्त्वपूर्ण हुन्छ । विद्यार्थीहरूको आवाजलाई प्राथमिकता दिएर र औपचारिक र अनौपचारिक दुवै सहायता प्रणालीहरू सुदृढ गरेर विद्यालयहरूले भएरहित शैक्षक वातावरण निर्माण गर्न सक्छन् जहाँ विद्यार्थीहरूले प्रतिशोधको डर बिना निर्धक्क भएर दूर्व्यवहारको रिपोर्ट गर्न सक्छन् । अन्तमा, यी प्रयासहरूले जवाफदेहिता, पारदर्शिता र बाल अधिकारको सम्मानको लागि व्यापक सांस्कृतिक परिवर्तनमा योगदान पुऱ्याउन सक्छ ।

## अध्याय ६

# निष्कर्ष र सिफारिसहरू

यस अध्यायले मानव अधिकार दस्तावेजहरू र कानूनी व्यवस्थाले मात्र हिंसा र दूर्व्यवहारका घटना न्युनीकरण गर्न पर्याप्त नहुन सक्छ भन्ने विषयमा छलफल गर्दै यस अध्ययनको निष्कर्षहरू र प्रभावलाई संश्लेषण गरेको छ।[२१] यस अध्ययनले उजागर गरेको छ कि कानूनी व्यवस्थाहरू भएर मात्र दूर्व्यवहारका घटनाहरू रिपोर्टिंग हुँदैनन वा पीडितहरूले आवश्यक सहायता पाउँदैनन किनभने यस अध्ययनले देखाएको छ कि जम्मा ५०% जति विद्यार्थीहरू मात्र यी कानूनी व्यवस्थाका बारेमा जानकार थिए। तर पनि पीडितहरूले औपचारिक गुनासो संयन्त्र मार्फत उजुरी गर्न चाहेनन्। बरु अधिकांश पीडितहरूले आफ्ना परिवारका सदस्यहरू, साथीभाइ वा नर्सिङ स्टाफसँग गुनासो पोखेको बताएका थिए।

यस अध्ययनले बाल अधिकारमा आधारित दृष्टिकोणको कुरा गर्दा Embededness को अवधारणा अर्थात् बालबालिकाहरू उनीहरूको घरपरिवार र विद्यालय बाहिरको वातावरणबाट पनि प्रभावित भएका हुन्छन् भन्ने अवधारणालाई ख्याल राखिनु पर्छ भन्नेमा जोड दिएको छ।[२२]

---

[२१] Claire Moon *What One Sees and How One Files Seeing: Human Rights Reporting, Representation and Action*. Sociology (Oxford). 46 (5) (2012) 880.

[२२] Ellen Turner, Jenny Parkes , Shakilah N. Nagasha, Dipak Naker, Janet Nakuti, Sophie Namy, and Karen Devries, *Sexual Violence Through Corporal Punishment: Rethinking Siloes in School Violence Prevention Using Feminist Theory and Data from Uganda*. SSM. Qualitative Research in Health. 5100413 (2024)2; Sarah C. White, *Being, Becoming and Relationship:*

पारिवारिक गतिशीलता, विशेष गरी आमा-छोरीको सम्बन्धले रिपोर्टिङ व्यवहारलाई कसरी प्रभावित पारेको हुन्छ भन्ने विश्लेषण गर्दा यो दृष्टिकोण विशेष गरी सान्दर्भिक साबित देखिन्छ। खुला छलफल हुने घरपरिवारमा हुर्केका बालबालिकाहरूले आफ्ना आमालाई घटनाका रिपोर्ट गर्ने सम्भावना बढी देखिन्छ भने कम छलफल हुने घरपरिवारमा हुर्केका बालबालिकाहरूले कम रिपोर्ट गर्ने गरेको देखिन्छ। यसले के देखाउँछ भने विद्यार्थीहरूलाई गुनासो सुनुवाईका लागि सुरक्षित ठाउँ उपलब्ध गराउने र सक्रिय बाल सहभागीतालाई प्रवर्द्धन गर्नाले रिपोर्टिङलाई प्रोत्साहन गर्न सक्छ।

नेपालमा बाल यौन दूर्व्यवहारलाई सम्बोधन गर्न सबै सरोकारवालाहरूलाई समावेश गरी सहयोगी र बहुपक्षीय दृष्टिकोण सहितको कार्ययोजनाको आवश्यकता छ। औपचारिक र अनौपचारिक सहयोग संयन्त्रहरूलाई एकीकृत गरी जवाफदेहिताको संस्कृतिलाई प्रवर्द्धन गरिएमा मात्रै बालबालिकाको सुरक्षा लगायत समग्र कल्याणको सुनिश्चित गर्न सकिन्छ।

## सरोकारवालाहरूको लागि सिफारिसहरू

### क. सरकारी प्राधिकरण

- बालबालिका माथि हुने यौन दूर्व्यवहार लगायतका हिंसालाई सम्बोधन गर्न विशेष प्रावधानहरू सहितको बाल संरक्षण कानूनहरू बनाउने।
- बाल अधिकारसम्बन्धी संयुक्त राष्ट्रसंघीय महासन्धिजस्ता अन्तर्राष्ट्रिय महासन्धिको मापदण्ड अनुरूप राष्ट्रिय कानूनलाई संशोधन गर्ने।
- बाल यौन दूर्व्यवहारका घटनाको अनुसन्धानका लागि कानून कार्यान्वयन गर्ने निकायभित्र विशेष एकाइ स्थापना गर्ने।
- प्रहरी, अभियोजनकर्ता र न्यायाधीशहरूलाई संवेदनशीलता र तदारुकताका साथ मुद्दाहरू हेर्न प्रशिक्षित गर्ने।

---

*Conceptual Challenges of a Child Rights Approach in Development*. Journal of International Development. 14 (8) (2002) 1096.

- बाल यौन दूर्व्यवहार रोकथाम र प्रतिकार्यमा केन्द्रित राष्ट्रिय रणनीति निर्माण गरी कार्यान्वयन गर्ने ।
- बालमैत्री बाल अदालतहरू स्थापना गरी बालमैत्री वातावरणमा न्यायिक प्रक्रियाहरू गर्ने ।
- न्यायपालिकाले पीडितहरूलाई हुने आघात कम गर्न बाल दूर्व्यवहारसँग सम्बन्धित मुद्दाहरू छिटो टुङ्ग्याउने ।

### ख. शैक्षिक संस्थाहरू, आमाबाबु र अभिभावकहरू

- दूर्व्यवहारका घटनाको गुनासो सुनुवाईका लागि कडा रिपोर्टिङ संयन्त्रको स्थापना गर्ने ।
- दूर्व्यवहारका लक्षणहरू पहिचान गर्न र सम्बोधन गर्न शिक्षक र कर्मचारीहरूलाई नियमित तालिम सञ्चालन गर्ने ।
- व्यक्तिगत सुरक्षा र शारीरिक स्वायत्तता सम्बन्धी उमेर-उपयुक्त शिक्षालाई विद्यालय पाठ्यक्रममा समावेश गर्ने ।
- आमाबाबु र अभिभावकहरूले बालबालिकाहरूलाई सहमति, शारीरिक सुरक्षा र अनुपयुक्त व्यवहार कसरी पहिचान गर्ने भन्ने बारे सिकाउने ।
- आमाबाबु र अभिभावकहरूले बालबालिकाहरूलाई डर बिना दूर्व्यवहारका घटना बारे भन्न प्रोत्साहित गरी खुला संवादलाई प्रोत्सहित गर्ने ।
- आमाबाबु र अभिभावकहरूले बालबालिकाहरूको स्वायत्ततालाई सम्मान गर्दै अफलाइन र अनलाइन गतिविधिहरूको निगरानी गर्ने ।

### ग. स्थानीय सरकार र समुदायका अगुवाहरु

- विद्यालयहरूमा बाल सुरक्षण नीति बनाई लागू गर्ने ।
- स्थानीय बाल संरक्षण समितिहरूको स्थापना गरी दूर्व्यवहारका घटनाको अनुगमन र रिपोर्ट गर्न प्रोत्साहित गर्ने ।

- यौनको विषयमा बोल्न हिचकिचाउने सामाजिक प्रचलनलाई तोड्न समुदायस्तरमा यौन हिंसा सम्बन्धी संवादहरूलाई प्रोत्साहित गर्ने ।
- हानिकारक प्रथा निर्मूल पारी बाल सुरक्षालाई बढावा दिन धार्मिक र सांस्कृतिक नेताहरू सहित प्रभावशाली सामुदायिक व्यक्तित्वहरूसँग सहकार्य गर्ने ।

## घ. नागरिक समाज र गैरसरकारी संस्थाहरू

- बालबालिकाको अधिकार र दूर्व्यवहारको परिणामहरूको बारेमा समुदायहरूलाई शिक्षित गर्न सार्वजनिक अभियानहरू चलाउने ।
- दूर्व्यवहार रोक्ने र सम्बोधन गर्ने बारे आमाबाबु, शिक्षक र हेरचाहकर्ताहरूलाई तालिम दिने ।
- यौन दूर्व्यवहारका पीडितहरूका लागि आश्रय, परामर्श सेवाहरू र कानूनी सहायताको व्यवस्था गर्ने ।
- पीडितहरूका लागि पुनर्वास कार्यक्रमहरू लागू गरी बाल-मैत्री चिकित्सा परीक्षण सुविधाहरू उपलब्ध गराउन स्वास्थ्यसँग सम्बन्धित संस्थाहरूसँग सहकार्य गर्ने ।
- दूर्व्यवहारका लक्षणहरू पहिचान गर्न र आघात-सूचित हेरचाह प्रदान गर्न स्वास्थ्यकर्मीहरूलाई तालिम दिने ।
- स्वास्थ्यकर्मीहरूसँगको सहकार्यमा यौन दूर्व्यवहारका शंकास्पद घटनाहरूको अनिवार्य रिपोर्टिङ संयन्त्र निर्माण गर्ने ।

## ङ. सञ्चार गृह, निजी क्षेत्र र सर्वसाधारण जनता

- पीडित बालबालिकाहरूको पहिचान र मर्यादाको रक्षा गर्न नैतिक पत्रकारितालाई प्रोत्सहित गरी सर्वसाधारणलाई यौन दूर्व्यवहारका घटनाको

रिपोर्ट गर्न र उपलब्ध स्रोतसाधनहरूका बारेमा जानकारी दिन अभियान चलाउने ।

- बालबालिकामाथि हुने अनलाइन शोषणका घटना रोक्न र सम्बोधन गर्न अभिभावकीय नियन्त्रण र बलियो अनुगमन संयन्त्रहरू सहित बाल-सुरक्षित डिजिटल प्लेटफर्महरूको विकास गर्दै कानून कार्यान्वयन गर्ने निकायहरूसँग सहकार्य गर्ने ।
- निजी क्षेत्रहरू, विशेष गरी बालबालिकाहरूसँग अन्तक्रिया गर्नेहरूसँग बाल अधिकार र संरक्षणमा केन्द्रित स्पष्ट सुरक्षा नीतिहरू र कार्यक्रमहरू भएको सुनिश्चित गर्ने ।
- दूर्व्यवहारका शंकास्पद घटनाहरू रिपोर्ट गर्न आम जनतालाई प्रोत्साहित गर्ने ।
- पीडितहरूलाई निरुत्साहित गर्ने र दूर्व्यवहार गर्नेहरूलाई सुरक्षा दिने सामाजिक मान्यतालाई चुनौती दिने।

## च. अन्तर्राष्ट्रिय निकाय र दाताहरू

- नेपालको बाल सुरक्षण प्रणालीलाई सुदृढ बनाउन प्राविधिक तथा आर्थिक सहयोग उपलब्ध गराउने ।
- मानव बेचबिखन र शोषणलाई निर्मूल पार्न सीमापार सहकार्यलाई सहजीकरण गर्ने ।
- नेपालमा बाल यौन दूर्व्यवहारको व्यापकता र कारण बुझ्न अध्ययन अनुसन्धानका लागि आर्थिक सहयोग गर्ने ।
- प्रभावकारी हस्तक्षेप संयन्त्र र नीति निर्माण गर्न प्रमाणमा आधारित दृष्किोणको प्रयोग गर्ने ।

# उद्धृत कार्यहरू

Adamcheck, A., Carville, K., Cilingiroglu, S., Clements, R., Ford, S., Ingham, L., Macris, L., Peddada, Y., Pham, H., Sarmah, A., Schreur, H., Signy, K. Steval, K., Tunstall, L., Weber, I., and Wells, A. (2020) *The Implementation of the Convention on the Rights of Children in Seven South Asian Countries*. Institutionalised Children Exploration and Beyond. 7 (1), 37–46.

Adhikari, R. and Sharma, J. R. (2022) *Gendered Consequences of Social Changes in Nepal: Rich Possibilities*. European Bulletin of Himalayan Research. 58 (58).

Aguirre, D. and Pietropaoli, I. (2008) *Gender Equality, Development and Transitional Justice: The Case of Nepal*. The International Journal of Transitional Justice. 2 (3), 356–377.

Akinola, O. (2019). Who Is a Child? The Politics of Human Rights, the Convention on the Right of the Child (CRC), and Child Marriage in Nigeria. In: Blouin-Genest, G., Doran, MC., Paquerot, S. (eds) *Human Rights as Battlefields*. Human Rights Interventions. Palgrave Macmillan, Cham.

Bebbington, A. J., Hickey, S. and Mitlin, S. (2007) 'Introduction: Can NGOs Make a Difference? The Challenge of Development Alternatives', in *Can NGOs Make a Difference?*. United Kingdom: Bloomsbury Academic and Professional. pp. 3–37.

Becker, J. (2020) *Campaigning for Justice: Human Rights Advocacy in Practice*. Stanford, CA: Stanford University Press.

Berrick, J.D., Gilbert, N. and Skivenes, M. (2023) 'Child Protection Systems Across the World', in J.D. Berrick, N. Gilbert, and M.

Skivenes (eds) *Oxford Handbook of Child Protection Systems*. Oxford: Oxford University Press, pp. 1-20.

Bhatia, A., Krieger, N., Victora, C., Tuladhar, S., Bhabha, J. and Beckfield, J. (2020). Analyzing and Improving National and Local Child Protection Data in Nepal: A Mixed Methods Study Using 2014 Multiple Indicator Cluster Survey (MICS) Data and Interviews with 18 Organizations. *Child Abuse and Neglect*, 101, p.104292.

Blouin-Genest, G., Doran, M., and Paquerot, S. (2019) *Human Rights as Battlefields: Changing Practices and Contestations*. Cham: Springer International Publishing.

Castellsagué, A. and Carrasco, S. (2021) *Development, Education and Gender: Challenging the Empowerment Rhetoric from an Ethnographic Study in Rural Nepal*. Ethnography and Education. 16 (1), 92–108.

Chapagai, R. P. and Karn, P. K. (2018) 'Accountability for Conflict-Era Human Rights Violations in Nepal: An Appraisal of Strategic Human Rights Litigation', in *Shifting Horizons of Public International Law*. India: Springer (India) Private Limited. pp. 197–219.

D'Costa, B. (2016) 'Introduction: "Turtles Can Fly": Vicarious Terror and the Child in South Asia', in B. D'Costa (ed.) *Children and Violence: Politics of Conflict in South Asia*. Cambridge: Cambridge University Press, pp. 1–42.

Destrooper, T. and Merry, S. E. (eds.) (2018) *Human Rights Transformation in Practice*. Philadelphia: University of Pennsylvania Press.

Doek, J. (2020) 'Child Participation', in J. Todres and S.M. King (eds) *The Oxford Handbook of Children's Rights Law*. Oxford: Oxford University Press, pp. 215-229.

Driscoll, J. (2022) *A Long, Long Journey Adopting a Children's Rights-Based Approach to Child Protection Programming in Rural Communities in Uganda*. The International journal of children's rights. 30 (4), 895–921.

Falch-Eriksen, A. and Backe-Hansen, E. (2018) ‘Child Protection and Human Rights: A Call for Professional Practice and Policy’, in *Human Rights in Child Protection*. Switzerland: Springer International Publishing AG. pp. 1–14.

Finkelhor, D., Ormrod, R. K., and Turner, H. A. (2007) ‘Poly-victimization: A Neglected Component in Child Victimization,’ *Child Abuse & Neglect*, vol. 31, no. 1, pp. 7–26.

Gautam, A., Sharma, K., Dhakal, S., Dhakal, S., and Chand, A. (2023) *Adolescent-Parent Communication On Sexual And Reproductive Health And Its Associated Factors Among Higher Secondary School Students Of Tokha Municipality, Nepal: A Cross-Sectional Study*. JPH Recode (Journal of Public Health Research and Community Health Development). 7 (1), 11–20.

Gillingham, P. (2011) *Decision-making tools and the development of expertise in child protection practitioners: are we ‘just breeding workers who are good at ticking boxes’?* Child and family social work. 16 (4), 412–421.

Goonesekere, S. (2020) ‘The Interrelated and Interdependent Nature of Children’s Rights’, in J. Todres and S.M. King (eds) *The Oxford Handbook of Children’s Rights Law*. Oxford: Oxford University Press, pp. 88-104.

Harcourt, W. (2017) *Bodies in Resistance Gender and Sexual Politics in the Age of Neoliberalism*. 2017. London: Palgrave Macmillan UK.

Hastrup, K. (2003) *Violence, Suffering and Human Rights: Anthropological Reflections*. Anthropological Theory. 3 (3), 309–323.

Howe, R.B. and Covell, K. (2020) ‘Human Rights Education - Education about Children’s Rights’, in J. Todres and S.M. King (eds) *The Oxford Handbook of Children’s Rights Law*. Oxford: Oxford University Press, pp. 654-670.

Hutt, M. (2020) *The Changing Face of Nepal*. Vol. 119. Philadelphia: University of California Press.

Ife, J., Soldatić, K. and Briskman, L. (2022) 'Culture and human rights', in *Human Rights and Social Work: Towards Rights-Based Practice*. Cambridge: Cambridge University Press, pp. 73–94.

Jeffery, R. (2017) *Nepal's Comprehensive Peace Agreement: Human Rights, Compliance and Impunity a Decade On*. International Affairs (London). 93 (2), 343–364.

Jensena, S., Kelly, T., Andersen, M.K., Christiansen, C., and Sharma, J. (2017) *Torture and Ill-Treatment Under Perceived: Human Rights Documentation and the Poor*. Human Rights Quarterly. 39 (2), 393–415.

Jha, P. (2012) 'A Nepali Perspective on International Involvement in Nepal', in S. von Einsiedel, D.M. Malone, and S. Pradhan (eds.) *Nepal in Transition: From People's War to Fragile Peace*. Cambridge: Cambridge University Press, pp. 332–358.

Johnson, A.K. and Sloth-Nielsen, J. (2020) *Safeguarding Children in the Developing World—Beyond Intra-Organisational Policy and Self-Regulation*. Social Sciences, 9(6), p.98.

Keddell, E. (2020) Algorithmic Justice in Child Protection: Statistical Fairness, Social Justice and the Implications for Practice. In: Anon, ed. 2020. *Critical Debates and Developments in Child Protection*. Basel, Switzerland: MDPI - Multidisciplinary Digital Publishing Institute.

Knudsen, A. and Godwin, M. (2016) 'Pinning Down a Paper Tiger: Some Practice Observations on the Monitoring and Reporting Mechanism in Nepal and Asian Contexts', in B. D'Costa (ed.) *Children and Violence: Politics of Conflict in South Asia*. Cambridge: Cambridge University Press, pp. 243–274.

Krueger, A., Vise-Lewis, E., Thompstone, G. and Crispin, V. (2015) *Child Protection in Development: Evidence-Based Reflections and Questions for Practitioners*. Child Abuse and Neglect. 5015–5025.

Lewis, D. (2019) *'Big D' and 'little d': Two Types of Twenty-First Century Development?* Third world quarterly. 40 (11), 1957–1975.

Lundgren, R., Gibbs, S. and Kerner, B. (2020) *Does it Take a Village? Fostering Gender Equity Among Early Adolescents in Nepal*. International Journal of Adolescent Medicine and Health, Vol. 32 (Issue 4), pp. 20170164.

Merry, S. E. (2006) *Human Rights and Gender Violence: Translating International Law into Local Justice*. Chicago: University of Chicago Press.

Moon, C. (2012) *What One Sees and How One Files Seeing: Human Rights Reporting, Representation and Action*. Sociology (Oxford). 46 (5), 876–890.

Nepal, *National Penal Code, 2017*. Kathmandu: Government of Nepal.

Nepal, *The Act Relating to Children, 2075 (2018)*. Kathmandu: Government of Nepal.

Rawski, F. and Sharma, M. (2012) 'A Comprehensive Peace? Lessons from Human Rights Monitoring in Nepal', in S. von Einsiedel, D.M. Malone, and S. Pradhan (eds.) *Nepal in Transition: From People's War to Fragile Peace*. Cambridge: Cambridge University Press, pp. 175–200.

Robins, S. (2012) *Transitional Justice as an Elite Discourse: Human Rights Practice Where the Global Meets the Local in Post-Conflict Nepal*. Critical Asian Studies. 44 (1), 3–30.

Rothchild, J. (2005) 'Processes of Gendering and the Institutionalization of Gender in the Family and School: A Case Study from Nepal', in *Advances in Gender Research*. United Kingdom: Emerald Group Publishing Limited. pp. 265–296.

Rothchild, J. (2006) 'Gendered Homes and Classrooms: Schooling in Rural Nepal', in *Children's Lives and Schooling Across Societies*. United Kingdom: Emerald Group Publishing Limited. pp. 101–131.

Ruszczyk, H. A. (2023) *Gender and Resilience in the City: Infrastructures, Aspirations, and Slow Violence in Nepal*. Rugby, Warwickshire: Practical Action Publishing.

Sandberg, K. (2018) 'Children's Right to Protection Under the CRC', in *Human Rights in Child Protection*. Switzerland: Springer International Publishing AG. pp. 15–38.

Sharma, J. R. (2021) *Political Economy of Social Change and Development in Nepal*. London: Bloomsbury Publishing India Pvt. Ltd.

Steinberg, G., Herzberg, A., and Berman, J. (2012) *Best Practices for Human Rights and Humanitarian NGO Fact-Finding*. Leiden: M. Nijhoff Publishers.

Tiwari, A., Wu, W., Citrin, D., Bhatta, A., Bogati, B., Halliday, S., Goldberg, A., Khadka, S. Khatri, R., Kshetri, Y., Rayamazi, H.J., Sapkota, S., Saud, S., Thapa, A., Vreeman, R., and Maru, S. (2022) '"Our mothers do not tell us": a qualitative study of adolescent girls' perspectives on sexual and reproductive health in rural Nepal', *Sexual and Reproductive Health Matters*, 29(2).

Tobin, J. and Seow, F. (2019) 'Child safeguarding and the UN Convention on the Rights of the Child: A Rights-Based Approach', in *The United Nations Convention on the Rights of the Child: A Commentary*. Oxford: Oxford University Press, pp. 1312-1323.

Todres, J. and King, S.M. (2020) 'Children's Rights in the Twenty-First Century: Challenges and Opportunities', in J. Todres and S.M. King (eds) *The Oxford Handbook of Children's Rights Law*. Oxford: Oxford University Press, pp. 718-728.

Turner, E., Parkes, J., Nagasha, S., Naker, D., Nakuti, J., Namy, S., and Devries, K. (2024) *Sexual Violence Through Corporal Punishment: Rethinking Siloes in School Violence Prevention Using Feminist Theory and Data from Uganda*. SSM. Qualitative Research in Health. 5100413.

UNICEF (2023). *A Child rights-based Approach*. Child Friendly Cities and Communities. Available at: https://www.unicef.org.uk/child-friendly-cities/crba/.

United Nations (1989) Convention on the Rights of the Child. Available at: https://www.ohchr.org/en/instruments-mechanisms/instruments/convention-rights-child [Accessed 05 June. 2024].

Vandenhole, W. (2018) 'Human Rights-Based Approaches to Development: The Local, Travel, and Transformation', in *Human Rights Transformation in Practice*. Philadelphia: University of Pennsylvania Press, Inc. pp. 77–97.

Vyas, R. P., Kanel, P., and Kharel, A. (2024). Chapter 13 The Impact of the United Nations Human Rights Treaties on the Domestic Level in Nepal. In *The Impact of the United Nations Human Rights Treaties on the Domestic Level: Twenty Years On*. Leiden, The Netherlands: Brill Nijhoff.

White, S. C. (2002) *Being, Becoming and Relationship: Conceptual Challenges of a Child Rights Approach in Development*. Journal of International Development. 14 (8), 1095–1104.

# अनुसूची १

## क. विद्यार्थीको तथ्यांक

**लिङ्ग अनुसारको तथ्यांक**

| लिङ्ग | विद्यार्थीको संख्या | प्रतिशत |
|---|---|---|
| केटाहरू | १४२ | ३४ |
| केटीहरू | १७९ | ६६ |
| उल्लेख नगरिएका | ० | ० |
| **जम्मा** | **४२१** | **१००** |

**उमेर अनुसारको तथ्यांक**

| उमेर | विद्यार्थीको संख्या | प्रतिशत |
|---|---|---|
| १३ वर्ष | २ | ०.५ |
| १४ वर्ष | ५४ | १३ |
| १५ वर्ष | २१२ | ५० |
| १६ वर्ष | १२२ | २९ |
| १७ वर्ष | २२ | ५ |
| १८ वर्ष | ७ | २ |
| उल्लेख नगरिएका | २ | ०.५ |
| **जम्मा** | **४२१** | **१००** |

## ख. कानूनी व्यवस्था सम्बन्धी जानकारी

### २.१ के तपाईंलाई थाहा छ १८ वर्ष भन्दा मुनिका बालबालिकाको मञ्जुरी लिएर गरिएको यौनसम्पर्क जबरजस्ती करणी हुन्छ ?

| थाहा छ/छैन/ भर्खरै थाहा पाएँ | विद्यार्थीको संख्या | प्रतिशत |
|---|---|---|
| भर्खरै थाहा पाए | १३८ | ३३ |
| थाहा छ | २३४ | ५६ |
| थाहा छैन | ४५ | १० |
| केही उल्लेख नगरिएका | ४ | १ |
| **जम्मा** | **४२१** | **१००** |

### २.२ के तपाईंलाई थाहा छ यौनहिंसा गरेमा तीन वर्षसम्म कैद र तीस हजार रुपैयाँसम्म जरिवाना वा दुवै सजाय हुन सक्छ ?

| थाहा छ/छैन/ भर्खरै थाहा पाएँ | विद्यार्थीको संख्या | प्रतिशत |
|---|---|---|
| भर्खरै थाहा पाए | १६१ | ३८ |
| थाहा छ | २०६ | ४९ |
| थाहा छैन | ४७ | ११ |
| केही उल्लेख नगरिएका | ७ | २ |
| **जम्मा** | **४२१** | **१००** |

# ग. यौनहिंसाको तथ्यांक

## के तपाईं यौनहिंसामा पर्नु भएको छ ?

### अ. छात्र र छात्राहरूको समग्र तथ्यांक

| थाहा छ/छैन/ भर्खरै थाहा पाएँ | विद्यार्थीको संख्या | प्रतिशत |
|---|---|---|
| छ | ७० | १६ |
| छैन | ३४४ | ८२ |
| केही उल्लेख नगरिएका | ७ | २ |
| **जम्मा** | **४२१** | **१००** |

### आ. छात्राहरूको मात्र तथ्यांक

| थाहा छ/छैन/ भर्खरै थाहा पाएँ | विद्यार्थीको संख्या | प्रतिशत |
|---|---|---|
| छ | ७० | २५ |
| छैन | २०४ | ७३ |
| केही उल्लेख नगरिएका | ७ | २ |
| **जम्मा** | **२७९** | **१००** |

## ३.२ को बाट यौनहिंसामा पर्नु भएको थियो ?

| आरोपित पीडकहरू | विद्यार्थीको संख्या | प्रतिशत |
|---|---|---|
| आफन्तजन (बाबु, ठूलो बाबु, काका, दाइ, टाढाको दाइ, फुपाजु, भेना, दाइको साथी आदिबाट) | १७ | २४ |
| सहपाठी, साथी, साथीको साथी आदिबाट | १० | १५ |
| विद्यालयका कर्मचारी (पुरुष शिक्षक, कर्मचारी, सुरक्षा गार्ड, ड्राईभर आदिबाट | १० | १५ |

| | | |
|---|---|---|
| सार्वजनिक ठाउँमा अपरिचित व्यक्तिबाट, सार्वजनिक बसहरूमा, विवाह पार्टीहरू आदिमा | १२ | १७ |
| छिमेकी, घरबेटी आदिबाट | १५ | २१ |
| उल्लेख नगरिएको | ६ | ८ |
| **जम्मा** | **७०** | **१००** |

## ३.३ यौनहिंसा भएको भए शरीरिक रूपमा वा अनलाईन मार्फत भयो ?

| **शारीरिक / अनलाईन / दुवै** | **विद्यार्थीको संख्या** | **प्रतिशत** |
|---|---|---|
| शारीरिक | १४ | २० |
| अनलाईन | ८ | ११.५ |
| दुवै | ४० | ५७ |
| उल्लेख नगरिएको | ८ | ११.५ |
| **जम्मा** | **७०** | **१००** |

## ३.४ तपाईंले कस्ता प्रकारका यौनहिंसा भोग्नु भयो ?

| **यौनहिंसाका प्रकारहरू** | **विद्यार्थीको संख्या** | **प्रतिशत** |
|---|---|---|
| अश्लिल चित्र, श्रव्यदृश्य वा यस्तै किसिमका अन्य सामग्री देखाउने वा देखाउन लगाउने वा अश्लील तथा यौनजन्य आचरण वा व्यवहार झलकने अभिव्यक्ति वा हाउभाउ प्रदर्शन गर्ने वा गराउने | १८ | २६ |
| बालबालिकाको वास्तविक वा काल्पनिक अश्लील चित्र वा श्रव्यदृश्य सामग्री वितरण गर्ने, भण्डारण गर्ने वा त्यस्ता सामग्री प्रयोग गर्ने | ५ | ७ |
| यौनजन्य क्रियाकलापका लागि प्रस्ताव गर्ने, फकाउने, दबाब दिने वा धम्काउने | १२ | १७ |
| अश्लिल कार्य वा सामग्री निर्माणमा प्रयोग गर्ने | २ | ३ |

| | | |
|---|---|---|
| यौन मनसायले शरीरको संवेदनशील अंगमा स्पर्श गर्ने, चुम्बन गर्ने, समाउने, अङ्कमाल गने वा आफ्नो वा अरू कसैको शरीरको संवेदनशील अङ्ग छुन वा समाउन लगाउने वा यौन मनसायले बेहोस पार्ने वा यौन अंग प्रदशर्न गर्ने वा गर्न लगाउने | ३९ | ५६ |
| कामवासना वा यौन उत्तेजना उत्पन्न गर्न बालबलिकालाई प्रयोग गर्ने वा गराउने | ५ | ७ |
| यौन सन्तुष्टि प्राप्त गर्न बालबालिकालाई प्रयोग गर्ने वा गराउने | ७ | १० |
| बालयौन यौन शोषण गर्ने वा गराउने | २ | ३ |
| यौन सेवा उपलब्ध गराउने उद्देश्यले बालबालिकाको प्रयोग गर्ने वा गराउने | ३ | ४ |
| यौन दुर्व्यवहार गर्ने उद्देश्यले बालबालिकाको प्रयोग गर्ने वा गराउने | ४ | - |
| वेश्यावृत्ति वा अन्य यौनजन्य कार्यमा प्रयोग गर्ने | १ | १ |
| बताउन नचाहेका | १० | १४ |

*नोट : अधिकांश विद्यार्थीहरूले दुई वा दुई भन्दा बढि यौनहिंसाका प्रकारमा टिक लगाएका थिए।*

## ३.५ पहिलो पटक यौनहिसा हुँदा कति वर्षको थियौ ?

| **उमेर समूह** | **विद्यार्थीको संख्या** | **प्रतिशत** |
|---|---|---|
| १० वर्षभन्दा कम | १८ | २६ |
| १० देखि १४ वर्ष | ३० | ४३ |
| १४ देखि १६ वर्ष | ६ | ९ |
| १६ देखि १८ वर्ष | ० | ० |
| याद भएन | ७ | १० |
| उल्लेख नगरेको | ९ | १० |
| **जम्मा** | **७०** | **१००** |

## ३.६ कति पटक यौनहिंसा भोग्नु भयो ?

| एक पटक/ केही पटक / धेरै पटक | विद्यार्थीको संख्या | प्रतिशत |
|---|---|---|
| एक पटक | २३ | ३३ |
| केही पटक | २७ | ३८ |
| धेरै पटक | ७ | १० |
| उल्लेख नगरेका | १३ | १९ |
| **जम्मा** | **७०** | **१००** |

## ४.१ उजुरी गर्नु भयो ?

| गर्रे / गरिन | विद्यार्थीको संख्या | प्रतिशत |
|---|---|---|
| गर्रे | ३० | ४३ |
| गरिन | ४० | ५७ |
| **जम्मा** | **७०** | **१००** |

## ४.२ उजुरी गरेको भए कहाँ वा कसलाई उजुरी गर्नु भयो ?

| कसलाई उजुरी गर्नु भयो ? | विद्यार्थीको संख्या | प्रतिशत |
|---|---|---|
| साथी / दिदी / भतिजी | ५ | १६ |
| शिक्षक / प्रधानाध्यापक | ६ | २० |
| आमाबुबा / आमा / आन्टी | १७ | ५७ |
| उल्लेख नगरेका | २ | ७ |
| **जम्मा** | **३०** | **१००** |

## ५. गुनासो गरेपछि के भयो ?

| क्र.सं. | विद्यार्थीको प्रतिक्रिया |
|---|---|
| १ | मलाई सम्झाउनु भयो तर सहयोग गर्नु भएन। |
| २ | मेरो ममीले उसलाई पुलिसलाई कम्लेन्ट गरिदिन्छु भनेर थर्काए पछि उसले माफी माग्यो। |
| ३ | उसलाई कारबाही भयो। |
| ४ | केही भएन। मलाई ममीले बचाउनु भयो र त्यो भेना हाम्रो घरबाट सऱ्यो। |
| ५ | मान्छेहरूले मेरो बारेमा नराम्रो सोंचलान् भन्ने डरले मैले कसैलाई पनि भनेको छैन। तर मेरो भर्जिनिटी लुटिइसकेको छ। म ९ वर्षको उमेर देखि यौनहिंसा भोग्दै आइरहेकी छु र अहिले पनि भोगिरहेकी छु। |
| ६ | म ममीले उसलाई गाली गर्नु भने र उसले रक्सीले माटेर गल्ती भयो भनेर माफी माग्यो। |
| ७ | मैले गुनासो गरें र मेरो ममीले मेरो प्रतिरक्षा गर्नु भयो। |
| ८ | मेरो ममीले मलाई धाडस दिनु भयो र थेरापीमा लैजानु भयो र पछि त्यो मान्छेसँग उक्त घटनाको बारेमा कुरा गर्नु भयो। |
| ९ | मेरो विद्यालयमा डान्स टिचरले मलाई मेलेस्ट गर्नु भयो । मैले विद्यालयको समितिमा उजुरी दिएपछि विद्यालयले उक्त शिक्षकलाई निकाली दियो। |
| १० | मैले ममीसँग गुनासो गरेको थिएँ तर ममीले यदि पुलिस केस गऱ्यो भने हाम्रो नै बेइज्जत हुन्छ भन्नु भयो। |
| ११ | मेरो आमाबुबाले हामीलाई भन्दा बढी ति आफन्तलाई विश्वास गर्नुहुन्छ। मैले ती आफन्तबाट भएको यौनहिंसाको बारेमा आमाबुबालाई भन्दा विश्वास गर्नु भएन। तिमी सानै छौ अहिले यस्तो कुरा बुझ्दैनौं भन्नु भयो। शिक्षकसँगको सम्बन्धका बारेमा कुरा गर्दा मैले मेरो आमाबुबालाई भनेको छैन। हामीहरू नै एकअर्काबाट छुट्टिने कोसिसमा छौं। बिश्वासमा पर्दा म त्यस्ता कार्यमा संलग्न हुन पुगें। अहिले आफैलाई ऐनामा हेर्न सक्दिन। |
| १२ | पहिले त म गुनासो गर्न डराएँ। तर आफैलाई ढाडस दिंदै ममीलाई म माथि भएका यौनहिंसाको बारेमा बताएँ। मेरो गुनासो सुने पनि मेरो ममीले त्यो मान्छेसँग कुरा जानु भएको थियो तर त्यो मान्छे अर्के शहरमा बसाई सरेछ। |

## ७. के अहिले पनि यौनहिंसा भोगिरहनु भएको छ ?

| छ / छैन | विद्यार्थीको संख्या | प्रतिशत |
|---|---|---|
| छ | ६ | ९ |
| छैन | ४७ | ६७ |
| उल्लेख नगरेको | १७ | २४ |
| **जम्मा** | ७० | १०० |

## ८. तपाईंलाई कुनै प्रकारको सहायता चाहिन्छ ?

| सहायताको प्रकार | विद्यार्थीको संख्या | प्रतिशत |
|---|---|---|
| मेडिकल सहायता | १ | १ |
| मनोसामाजिक सहायता | १४ | २० |
| अन्य सहायता | २ | ३ |
| चाहिँदैन | ७ | १० |
| उल्लेख नगरेको | ४६ | ६६ |
| **जम्मा** | ७० | १०० |

## ९. के तपाईंको साथीलाई यौनहिंसा भएको देख्नु भएको छ ?

| छ / छैन | विद्यार्थीको संख्या | प्रतिशत |
|---|---|---|
| छ | १६ | २३ |
| छैन | १३ | १९ |
| उल्लेख नगरेको | ४१ | ५८ |
| **जम्मा** | ७० | १०० |

**कानूनी साक्षरता – नेपाल** (एलएलएन) सन् २०२३ मा कानून, मानव अधिकार र सामाजिक क्षेत्रमा क्रियाशिल ऊर्जावान र अनुभवी युवाहरूले स्थापना गरेको संस्था हो ।

यस संस्थाले नेपालमा कानूनको शासन र मानव अधिकारको मापदण्डलाई प्रवर्धन गर्ने काम गरिरहेको छ । यसले बालबालिका, महिला र सीमान्तकृत समुदायका मानिसहरूका लागि कानुनी साक्षरता बढाएर र न्यायमा पहुँच विकास गरेर यो उद्देश्य हासिल गर्ने लक्ष्य राखेको छ । यस संस्थाको काम गुणस्तरीय शिक्षा, शारीरिक दण्डसजाय निषेध, सुरक्षित सिकाइ वातावरण, समान र निष्पक्ष व्यवहार र मानव अधिकारको पूर्ण उपभोग लगायतका बालबालिकाको अधिकार र बाल न्यायमा केन्द्रित रहेको छ ।

आफ्नो लक्ष्य, दृष्टिकोण र उद्देश्यहरू प्राप्त गर्न यस संस्थाले बाल क्लबहरू, बाल सुधार गृहहरू, विद्यालयहरू, शिक्षकहरू, वार्डेनहरू, अभिभावकहरू र सीमान्तकृत समुदायहरूका साथै संघीय, प्रदेश र स्थानीय सरकारी निकायहरू, अदालतहरू, सरकारी वकिलको कार्यालय, बार एसोसिएसन, स्थानीय न्यायिक समिति, नेपाल प्रहरी र समान विचारधारा भएका राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संस्थाहरूसँग काम गर्दछ ।

यस संस्थाले नेपालमा मानव अधिकारको संरक्षण र प्रवर्धनका लागि नीतिगत र संस्थागत सुधारको लागि सार्वजनिक हितको मुद्दा (पिआईएल) पनि दायर गर्दछ ।

कानुनी साक्षरता - नेपाल
https://lln.org.np